# मेरो राम

वा

# रामायणसार



लेखनाथ पौड्याल

# मेरो राम

(काव्य)

लेखनाथ पौड्याल

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०११

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : कुन्तीदेवी भट्टराई

*संस्करण* : दोस्रो २०६३

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-01-03, 09:21:26 UTC

*Latest minor Correction* : 2026-01-03, 09:21:26 UTC

*Sahityaras ebook id* : 20260103092126

**Cover art**

*Ramapanchayan*

Raja Ravi Varma, before 1906

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*कृतज्ञता*

*वक्तव्य*

माहात्म्य सार

बाल काण्ड

अयोध्या काण्ड

अरण्य काण्ड

किष्किन्धा काण्ड

सुन्दर काण्ड

युद्ध काण्ड

उत्तर काण्ड

# कृतज्ञता

रामपादानुरागी दिवंगत महाराज भीमशम्शेरको चिरस्मृतिका निमित्त,
वहाँको का. ब. म. श्री दिलकुमारी देवीको सद्भावनाद्वारा विकसित
यो सानू काव्यकुसुमले रामनामको नैसर्गिक सुवास भर्दै
वाचकवर्गको हृदयलाई सदा सुवासित गर्नेछ भन्ने
मेरो कृतज्ञाता-पूर्ण धारणा छ।

–लेखक

# वक्तव्य

म एक दिन दिउसो कुनै कविताको तर्क लिएर पल्टिरहेको थियें, यस्तैमा छोराले रेडियो खोल्यो। रेडियोमा लखनौको देहाती प्रोग्राम बज्न लाग्यो। मेरो ध्यान पनि त्यही प्रोग्रामतर्फ आकृष्ट भयो। त्यसमा सिलेट पेन्सिल हातमा लियेकी कुनै साठी वर्षकी बुढिया पढन जान लागेकी थियिन् उनले बीच बाटोमा केही केटाकेटीहरू भेटिन् र सोधिन्– 'बाबु हो! के पाठशाला जाने बाटो यै हो?' यौटा लडकाले जिस्कियेर भन्यो–'के तिमी पनि पढ्छ्यौ र?' उनले भनिन्– 'त्यसैले त सिलेट पेन्सिल किनेर ल्यायेकी छु।' अर्काले इत्रिएर भन्यो– 'तिमी के पढौली? जाऊ, फर्क। घरमा गयेर भान्साको काम पढ, झाडु लगाऊ।' अर्काले अर्कै किसिमले भन्यो, कसै कसैले घुच्च्याये पनि। एवं प्रकारले अल्लारे ठिटाहरू द्रुतगतिले अघि बढे। बिचरी बुढिया लरखराउँदै पाठशाला पुगिन् र हात जोडेर अध्यापकसित भन्न लागिन्– 'बाबा! मलाई पनि पढाइदिनुहोस्, म पढ्छु।' तिनको त्यो श्रद्धाले भिजेको विनय देख्दा अध्यापकले आश्चर्यसाथ मुस्कुरायेर सोधे– 'बुढिया! अब तिमी यो उमेरमा के पढ्छ्यौ?' बुढियाले प्रेमसँग भनिन्– 'म राम पढ्छु, मलाई भगवान् राम पढाइदिनुहोस्।' पण्डितजी केही बेर चक्करायेर मौनमुद्रामा रहे, अन्त्यमा बुढियाको सरल भाव देखेर उनले भने– 'लौ बस, म तिमिलाई भगवान् राम पढाइदिन्छु।' बुढिया स्लेट अगाडी राखेर बसिन्, पण्डितजी उनका हातमा पेन्सिल थमाएर, स्लेटमा राम लेखाउने कोशिस गर्न लागे। एकाध घण्टामा बुढियाका हातबाट, स्लेटमा 'राम' यो दुई अक्षर सफासित उत्र्यो। पण्डितजीले ती दुई अक्षर देखाएर बुढियालाई भने– 'देख्यौ! तिम्रो हातबाट भगवान् राम बन्नुभयो, दर्शन गर।'

बुढियाका हर्षको सीमा रहेन। उनले रामनामले अङ्कित स्लेट दुई हातले उठाएर छातिमा, शिरमा लगाउँदै खुशीका आँशु झारेर गद्गद भावले भन्न लागिन्– ‘अहो!! यति चाँडो मेरा हातबाट भगवान् पतित-पावन राम बन्नुभयो। धन्य मेरो भाग्य! म मुक्त भएँ। मेरा २१ कुल मुक्त भए। जय भगवान्! भक्तवत्सल!! ई 'मेरा राम'!! आहा!! मानू त्यो वेला स्लेटको राम साऽऽकार भएर बुढियाका छातीमा आविर्भाव हुनुभयो।

त्यो सब सुन्दा सुन्दै मेरो चिरनिद्रित चेतना उद्बुद्ध भयो। वाल्मीकि, तुलसीदास इत्यादि भक्त कविलाई सम्झेर मैले पनि उक्त बुढियाको जस्तो 'मेरो राम' लेखने सङ्कल्प गरें। लेखदा 'मेरो राम' को जुन रूपमा आविर्भाव भयो, त्यो रूप यै कितापमा पढ्नुहोस्। बुढियालाई जस्तै नभए पनि यो 'मेरो राम' तयार भएको देखदा मलाई निक्कै खुशी लागेको छ।

**लेखनाथ**

## श्री गौरीशङ्कराभ्यान्नमः

# माहात्म्य सार

(१)

सारा संसार घुम्दा कलिकृत धमिलो दुःख दुर्भाव शोक
देखी यो छुट्न शक्ला कसरि भनि पुगे नारद ब्रह्मलोक।
ब्रह्माजीसङ्ग सोद्धा झुकिकन पदमा हर्ष मानी वहाँले
आज्ञा भो त्यै कुरा, जो शिवसित पहिले सोधिएथ्यो शिवाले ॥

(२)

देवर्षे! जो जगत्मा शठ कलियुगले दुःख दुर्भाव भर्छ
त्यो सारा हर्न रामायण अति सजिलो साधनामा ठहर्छ।
जस्को अभ्यास गर्दा सरल हृदयले दुःख विश्रान्ति-धाम
दुःखीले भेट्न शक्छन् सहजसित **जगन्मङ्गलाऽऽधार राम** ॥

**इति**

**माहात्म्य सार**

# बाल काण्ड

(१)

बस्ता कैलाशमाथी पल पल शिवका प्राणमा एकनास
खेलेको 'राम' भन्ने अमृतमय महामन्त्र देखेर खास।
भन्नूभो पार्वतीले प्रणयसित झुकी किन्तु आश्चर्यसाथ
कस्तो हो सुन्न पाऊँ म पनि हजुरका रामको तत्त्व नाथ!

(२)

गौरीको प्रश्न सुन्दा बहुत खुशि भई गूढ संक्षिप्त सार
आज्ञा भो मुख्य पैले, पछि सगुण सबै रामलीला अपार।
गौरी! विश्व-प्रपञ्च प्रकृति गुण-गण-क्षोभको यो तमाम
जस्मा फुर्दो छ लाखौं किसिमसित, तिमी सम्झ **त्यै तत्त्व राम** ॥

(३)

कोही वेला धरित्री सहन कठिन भै आसुरी शक्तिभार
रोयिन् गौरूप धारी पुगिकन विधिका पाउमा एक बार।
ब्रह्मा क्षाराऽब्धिमा गै सब सुरगणका साथमा उत्तिखेरै
लाग्नूभो गर्न दिव्य स्तुति उस विभुको भक्ति राखेर धेरै ॥

(४)

गर्दा-गर्दै अखण्ड स्तुति सुरगणले शेषशायी-स्वरूप
दुर्दर्श ज्योति झल्क्यो, अमरगण भयो गद्‌गदाऽऽकार खूप।
त्यस्का साथै सबैका श्रवण-विवरमा गूढ भावाऽभिराम
आयो पीयूषजस्तो अति मधुर कुनै **शब्दसङ्केत राम** ॥

(५)

तेही आराध्य मेरो प्रिय उस विभुको सत्य-सङ्कल्प-तार
हर्नालाई क्रमैले सकल भुवनको आसुरी-शक्ति-भार।
बन्दै-आयो अयोध्याऽधिप दशरथका यज्ञको शक्ति-सार
छोराका रूपमा त्यो नियति-वश भयो अन्त्यमा भाग चार ॥

(६)

दैवी त्यो निस्कनाले झलमल सुषमा भो अयोध्या उज्यालो
राजा रानी सबैको हृदय मुदित भो, दूर भो दुःख कालो।
राखे कर्माऽनुसारी कुलगुरू मुनिले चारको चार नाम
कौशल्या-पुत्र ज्येठो तिनिहरू सबमा **भक्तसर्वस्व राम** ॥

(७)

हेर्दा साह्रै उज्यालो, सजल जलद झैँ शामलो शान्तिकारी
आनन्दी बाललीला-ललितरूचि, महामोहनी मूर्तिधारी।
कौशल्याका गलाको सरस चहकिलो दिव्यमाला समान
सौभाग्यज्योति जस्तो सब रघुकुलको शक्ति शोभा-निधान ॥

(८)

मानू, घन्कीरहेको दशरथ नृपको हर्ष-सङ्गीत-सार

पृथ्वीको भार हर्ने विषयमय महानाट्यको सूत्रधार।
कस्तो कस्तो हँसीलो, सुर मुनि सबको दुःख-विश्रान्ति-धाम
प्यारो माङ्गल्यमूर्ति क्षणभर नभुलूँ चित्तले **बाल राम** ॥

(९)

दोस्री रानी सुमित्रातिर सुत दुइटा, लक्ष्मण स्नेहधाम
पैला, शत्रुघ्न दोस्रो रिपुकुल-वधमा सार्थ विख्यात नाम।
तेस्री अत्यन्त प्यारी नृपवर-महिषी केकयीबाट खास
जन्मेको पुत्र एकै भरत भरणमा दक्ष, उच्चाभिलाष ॥

(१०)

चारै ती पुत्र प्यारा दशरथ नृपका सामने बाल-लीला
डुल्दै खेल्दै र चल्दै छुमछुमु हिँडदै गर्न थाले रसीला।
भाईका साथ यस्तै क्रमसित रहँदा मोद-माधुर्य-धाम
मानू कन्दर्प जस्तो क्रमसित हुनुभो **पूर्णकैशोर राम** ॥

(११)

साक्षात् वैकुण्ठवासी दनुजरिपु चतुर्बाहुका खास चार
ओजस्वी बाहुजस्ता नृप दशरथका दिव्य चारै कुमार।
बढ्दै-आए, बढाए यश रघुकुलको बुद्धि-विद्या-विचार
चारैको योग्यताको शिखर-बिच पुगी गर्न थाल्यो विहार ॥

(१२)

चारै अन्योऽन्य गर्थे प्रणय, तर पनी रामको प्रेमरङ्ग
ज्यादा भो लक्ष्मणैका उपर, भरतको स्नेह शत्रुघ्नसङ्ग।
चढ्दै गो उच्च वीरोचित गुणगरिमा, शक्ति-सौन्दर्य-धाम

चाँडै नै ख्यातनामा सबतिर हुनुभो **लब्धतारुण्य राम** ॥

(१३)

विश्वामित्र प्रशंसा सुनि रघुवरको, यज्ञका विघ्नकारी
पापाऽचारी सुबाहु प्रभृति सब गरूँ ध्वस्त भन्ने विचारी।
आए दर्बारमा ती विधिसित उनको अर्चना भो प्रकृष्ट,
राजाको प्रश्न निस्क्यो ऋषिवर! किन यो गर्नु भो पादकष्ट?

(१४)

त्यो सुन्दा राम पाऊँ नृपवर! अहिल्यै यज्ञरक्षा-निमित्त
भन्ने विन्ती चढाए तर दशरथको खिन्न भो खूप चित्त।
बोले फेरी वशिष्ठ प्रणयसित ठुलो भाग्यको यो छ काम
देखौंला हामि चाँडै नृपतिवर! **महाकीर्तिकीर्तन्य राम** ॥

(१५)

वृद्धाऽवस्था छ मेरो, फुलसरि कलिलो प्राणप्यारो कुमार
ब्रह्मर्षि! ती दुरात्मा निशिचरहरुको खप्न शक्ला र मार?
आँशुका साथ दिन्छू दिन त शरणमा बन्नुहोला शरण्य
भन्दै सुम्पेर पुत्रद्वय नृप हुनुभो विश्वमा कीर्ति-धन्य ॥

(१६)

बाटोमा स्थान हेरी गहन अतिबला साथ साथै बलाको
शिक्षा दीक्षा दिनुभो क्रमसित मुनिले मर्म खोली कलाको।
पैले भो ताडकाको वध, पछि मखका विघ्नकारी तमाम
मारी थान्को लगाई अति खुश हुनुभो **लब्धविश्राम राम** ॥

(१७)

बोले ब्रह्मर्षि फेरी– रघुवर! मिथिलातर्फ जाऊँ यहाँको
पूरा भो काम, हेरौं शिवधनु-महिमा, यज्ञ शोभा वहाँको।
यो आज्ञा माथ राखी मुनिसँग मिथिलातर्फ साऽऽनन्द जाँदा
ढुङ्गा चाक्लो अहल्याऽऽश्रम-बिच बलियो भेटियो एक सादा ॥

(१८)

सोधी वृत्तान्त उस्मा पद रघुवरले राख्नुभो पापहारी
निस्किन् निर्मुक्तशापा मुनिवर-वनिता तापसी-वेषधारी।
श्रद्धाले हात जोरी स्तुति बहुत गरी ती गइन् भर्तृ-धाम
देखी त्यस्तो तमासा चकित हुनुभयो **कर्ममर्मज्ञ राम** ॥

(१९)

फेरी त्यो स्थान छोडी क्रमसित मिथलाराज्यमा भो प्रवेश
गर्नूभो मान पूजा जनक नृपतिले पाहुनाको विशेष।
तन्धेरी, धीर धन्वी, प्रबलभुज, गुणी, दिव्य, दोटै कुमार
देख्दा वंशाऽऽदि सुन्दा किनकिन मनको झन्झनायो सितार ॥

(२०)

सीताजीको विवाहप्रण शिवधनुको शक्ति यद्वा रहस्य
भन्नूभो भाव सम्भी कुशिकतनयको भै स्वयं भक्ति-वश्य।
त्यो सुन्दा शक्तिशाली भुज रघुवरको सन्सनायो प्रकाम
औत्सुक्य-ज्योति जाग्यो, मनमन हुनुभो **चञ्चल-प्राय राम** ॥

(२१)

अैना दुर्भेद्यताको शिवधनु बलियो वीरको गर्वहारी

हेरी पैले प्रणाम प्रणयसित गरी हातले चट्ट धारी।
तान्दा ताँदो चढाऊँ भनि रघुवरले भाँच्चियो त्यो कड्याम्म
मानू चम्क्यो खुशीको चमचम बिजुली दृष्टि पारेर भ्याम्म ॥

(२२)

माला पैऱ्हाउनूभो मृदु करयुगले जानकीले गलामा
केही तेर्छा दुवैका निमिषभर जुटे नेत्रका कोण लामा।
वर्ष्यो लावा र रोरी, फुल, जय जयको शब्द भो धूमधाम
त्यो वेला देखिनूभो मदनसरि **मनोमोहनीरूप राम** ॥

(२३)

दूतद्वारा पुग्यो त्यो दशरथ नृपका पास सन्देश खासा
राजाकै साथ आए सब परिणयको हेर्न राम्रो तमासा।
श्रीसीतारामको भो सविधि सुदिनमा जीवनग्रन्थि-बन्ध
भन्नूभो जानकीको सकल जनकले जन्म कर्म-प्रबन्ध ॥

(२४)

जोत्ता यज्ञार्थ पृथ्वी रघुवर! पहिले त्यो हलाको सियामा
सीता पाएँ, लगाएँ खुशिसित तनयाभाव राखी गलामा।
पालें, पोषें, चढाएँ अब पदयुगमा, भैगएँ पूर्णकाम,
त्यो सुन्दा भन् हुनूभो निरतिशय खुशी **जानकीजानि राम** ॥

(२५)

फेरी तद्-भ्रातृकन्याहरूसित अरु ती तीनको भो विवाह
भन् भन् उर्लेर आयो उभयतिर ठुलो प्रेमगङ्गा-प्रवाह।
जस्तो बाधा भएथ्यो सुत दुइ मुनिका साथ गर्दा बिदाई

त्योभन्दा चौगुना भो उस अवसरमा हर्ष भूपाललाई ॥

(२६)

चारै छोरा बुहारीसहित नृपतिको त्यो खुशीको सवारी
विस्तारै भो अयोध्या नगरतिर जसै फिर्नलाई तयारी।
त्यै मौकामा बिदाको प्रणयसित भयो खातिरी धूमधाम
फिर्दा उत्पात देखी अलिकति हुनुभो **शङ्कितप्राय राम** ॥

(२७)

यो मेरो नाम चोरी अधम! किन गरिस् त्यो धनुर्दण्ड भग्न
सेखी तेरो म हर्छू भनिकन बिचमा गर्जंदै जामदग्न्य *(परशुराम)*।
आए 'ताँदो चढा यो धनुषबिच' भनी आफनू विष्णुचाप
देखाए खूब कड्की तर रघुवरले त्यो लिई चूपचाप ॥

(२८)

खिच्नूभो झट्ट ताँदो जब अनि उनको शक्ति सामर्थ्य गैगो
शङ्काले आत्तिएका दशरथ नृपको चित्त साऽऽनन्द भैगो।
शान्ताऽऽत्मा जामदग्न्य प्रणयसित झुके, पूर्ण भो क्षात्र काम
बिस्तारै फर्कनूभो जयजय-रवका साथ **निर्विघ्न राम** ॥

(२९)

फिर्दा माङ्गल्य-शोभासहित शहरमा रामको त्यो सवारी
वर्षायो हर्ष मानी वरवर वनिता-वर्गले पुष्प भारी।
त्यो वेला त्यो अयोध्या शहरबिच उठ्यो जो खुशीको तरङ्ग
सो लेख्दा लेखनीको जड हृदय पनी हुन्छ अत्यन्त दङ्ग ॥

(३०)

यस्तैमा मावलीले भरतकन बडो प्रेमका साथ मागे
राजाले प्रेमसाथै अनुमति दिनुभो, साथ शत्रुघ्न लागे ।
वृद्धाऽवस्था हुनाले नृप दशरथको, राज्यको काजकाम
लाग्नूभो हेर्न सारा सचिवहरुसँगै **पुत्र–धर्मज्ञ राम** ॥

**इति बाल काण्ड**

# अयोध्या काण्ड

(१)

आए देवर्षि तेही शुभ अवसरमा भक्त वीणाविहारी
भेटे श्रीरामलाई महलबिच पसी शान्त एकान्त पारी।
सारा विन्ती चढाये क्रमसित विधिको गोप्य सन्देश खास
लागी राज्य व्यवस्थातिर अब कसरी हुन्छ रक्षोविनाश?

(२)

त्यो रक्षोध्वंसलाई गहन विपिनमा नाथले जानुपर्छ
भुल्दा यो राज्यमाथी रघुवर! अघिको सत्य सङ्कल्प मर्छ।
यो सुन्दा मुस्कुराई मुनिसित म पनी त्यो सबै इन्तजाम
गर्दैछू हे महर्षे! भनि चुप हुनुभो **कालकर्मज्ञ राम** ॥

(३)

हेर्दा राज्यव्यवस्था-कन रघुवरले योग्यता झल्कँदै गो
त्यस्ले प्यारा प्रजाको हृदय पनि उतै भक्तिले ढल्कँदै गो।
त्यो जानी राज्यभारा दिन भनि सबको भाव राम्रो विचारी
लाग्नूभो वृद्ध राजा सकल शहरमा गर्न अर्कै तयारी ॥

(४)

त्यो देख्दा मन्थराको मनबिच ननिको पापको अग्नि जाग्यो
झोसी त्यो केकयीको श्रवणविवरमा, दन्दनी बल्न लाग्यो।
बल्दा-बल्दै समायो नृप दशरथको प्राण उस्ले तमाम
जस्को चर्को शिखाको सहज हुनुभयो अन्त्यमा **लक्ष्य राम** ॥

(५)

पर्दा सङ्ग्राम देवाऽसुर अति खुशि भै नाथले बक्सियेको
आजै पाऊँ म मेरो दुइ वर उहिल्यै खास नासो रहेको।
यौटाले पुत्र मेरो भरतकन मिलोस् राजलक्ष्मी-प्रकर्ष
अर्कोले राम जाओस् गहन विपिनको वासमा चौध वर्ष ॥

(६)

यस्तो ज्वाला उकेल्दै चरण नृपतिका केकयीले समायिन्
लोटे ती सत्यवादी दशरथ, उनले त्यो जबर्जस्ति पायिन्।
आगो झैं फैलियो त्यो खबर शहरमा, ठप्प भो काज-काम
पुग्नूभो उत्तिखेरै दशरथ-पदमा **सम्भ्रमाऽऽक्रान्त राम** ॥

(७)

आज्ञाकारी खडा भो चरणकमलमा नाथको तुच्छ दास
आज्ञा होस् हे बुबाज्यू! प्रभुकन कुन यो शोक वा कष्टपाश?
भन्ने यो रामवाक्य श्रवण-विवरमा शीतलो पर्न जाँदा
आँखा केही खुला भो, तर नरपतिको झन् बढ्यो भिन्न बाधा ॥

(८)

भन्नूभो वत्स! आऊ नगिच बस तिमी, हेर्दछू त्यो मुहार,

बद्धै छू, बाँध फेरी, निज भुजयुगमा राख त्यो राज्यभर।
यो सुन्दा केकयीले डरभर नलिई मर्म खोलिन् तमाम
उठ्नुभो उत्तिखेरै गुरु दशरथको सत्यले **बद्ध राम** ॥

(९)

सोभै सोभी मुमाको महलबिच पसी जो भयेको समस्त
सौताने पेच यद्वा कुटिल नियतिको चालबाजी दुरुस्त।
खोली आज्ञा म पाऊँ जननि! अब भनी रामले विन्ति गर्दा
कौशल्या शल्यविद्धा हतगति बिचरी न्याहुली-तुल्य गिर्दा ॥

(१०)

रन्की सौमित्रि बोले– कुटिल भरतको पक्ष सम्पूर्ण मार्छू
दाज्यैज्यू! राज्य लागोस्, हक छ हजुरको, विघ्न बाधा म टार्छू।
देखी त्यो वंश-दाहोद्यत विकट शिखा कोपको धूमधाम
लाग्नूभो छर्न पानी सरस वचनको **देशकालज्ञ राम** ॥

(११)

भाई! खामोश खाऊ, ठहर, समयको शक्ति राम्रो विचार
क्रोधै हो मुख्य हाम्रो प्रबल रिपु, तिमी त्यै जबर्जस्ति मार।
ऐना जस्तो छ भित्री हृदय, मलिनता दोष उस्को उतार
आत्माको हेर उस्मा मधुर छवि, सबै छोडिद्यौ दुर्विचार ॥

(१२)

यो सुन्दा घोरिये ती, सकल हृदयको कोप कालुष्य फाले
आज्ञा होस् नाथ! जान्छू म पनि हजुरको साथमा भन्न थाले।
त्यै निस्क्यो जानकीको पनि विनय, मनोभाव, जिद्दी तमाम

माताको दर्द देख्दा अलिकति हुनुभो किन्तु **साऽऽतङ्क राम** ॥

(१३)

आज्ञा पाऊँ, म जाऊँ, जननि ! हृदयमा शोक, सुर्ता नआओस्
फिर्छू चाँडै पिताको वचन गरि पुरा, सत्यको ज्योति जागोस् ।
भन्दै श्रीराम भुक्ता चरणकमलमा, अश्रुधारा निकासी
कौशल्याले दिनूभो अमृतमय चिरञ्जीविताको शुभाशीः ॥

(१४)

सोभ्कै फेरी पिताको चरणबिच पुगी त्यै कुरा विन्ति पारी
सीता सौमित्रि साथै रघुवर हुनुभो जानलाई तयारी ।
टक्र्यायिन् चीर कन्था भ्कटपट खुशि भै केकयीले तमाम
मिल्दा चाँडो बिदाई उनिसित हुनुभो भ्कन् **बडो दङ्ग राम** ॥

(१५)

पैलेको राजसी त्यो सकल चहकिलो भेष-भूषा उतारी
कैकेयीले दियेका मलमय चिथडा चीर-चर्मादि धारी ।
ढोकामा भो सवारी, 'अलिछिन रथमा राज होस् नाथ !' भन्दै
आये मन्त्री सुमन्त्र प्रणय-वश रुँदै आँशुका हार उन्दै ॥

(१६)

सारा प्यारो प्रजाले अघटित घटनाचक्र त्यो चाल पायो
चौतर्फी चन्द्रमाको मलिन घनघटा-तुल्य उर्लेर आयो ।
गर्दै आक्रन्द चर्को रथ रघुवरको घेर्न लाग्यो तमाम
चल्नूभो हात जोडी विनयसित भ्कुकी **त्यक्त-सर्वस्व राम** ॥

(१७)

निष्फिक्रीसाथ दौड्यो रथ रघुवरको मार्गमा एकनास
सन्ध्या भो, अश्व थाके, रूखमनि तमसा-तीरमा भो निवास।
भोलीपल्ट प्रजाको दल सकल छली गोमती-पार टाढा
जानूभो राम गङ्गा-निकट, गुह पुगे भक्ति राखेर गाढा ॥

(१८)

त्यो राम्रो बात गर्दै रुखमनि गुहका साथ सारा गुजारी
गङ्गाजीमा नुहाईकन रघुवरको सत्य सन्देश धारी।
फर्के मन्त्री सुमन्त्र, व्यथित हृदय भो अन्धकारैक-धाम
लाग्नूभो तर्न गङ्गा, जलकणहरूले **शीतल-स्वान्त राम** ॥

(१९)

डुङ्गाद्वारा सुबिस्तासित रघुवरको पार तारी सवारी
आये फर्केर वारीतिर गुह बिचरा दिक्क भै आँसु झारी।
जाँदा सोझै अगाडी नजरबिच पऱ्यो तीर्थराज प्रयाग
जस्मा बस्थे महात्मा स्थविर मुनि भरद्वाज उन्मुक्तराग ॥

(२०)

भो शिष्टाऽऽचार साथै ऋषि रघुवरको प्रेमवार्ता प्रशस्त
बाटो साधी बिदा भै रघुवर वनमा पस्नुभो सुस्त-सुस्त।
सामुन्ने चित्रकूटाऽचल अति रसिलो भेट्टियो शान्तिधाम
देख्दा त्यो शैल त्यस्तो प्रमुदित हुनुभो **शान्ति-सोत्कण्ठ राम** ॥

(२१)

हेर्दा त्यो चित्रकूटाऽचल उपर भयो भेट वाल्मीकिसङ्ग

गर्दा सत्सङ्ग निस्क्यो क्रमसित उनको पूर्वजन्म-प्रसङ्ग।
सो सुन्दा धन्य हो त्यो नियतिगति भनी आत्मविश्रामलाई
लाग्नूभो हेर्न चारैतिर उस गिरिमा वास राम्रो रमाई ॥

(२२)

पानीको घाट हेरी फिर मुनिवरको दूर एकान्त पारी
पारे सौमित्रले नै अतिशय सजिलो पर्णशाला तयारी।
बिर्सायो त्यो कुटीले मधुर महलको रङ्ग लीला तमाम
बस्नूभो शान्त योगीश्वर सरि उसमा **वन्यता-धन्य राम** ॥

(२३)

यस्तो निस्क्यो यताको नियति-गति, उता केकयीको कुमन्त्र
ज्वालाले पिल्सियेका नृप-नगिच पुगे साँझमा ती सुमन्त्र।
बाटाको हाल गङ्गातटतक जति हो मुख्य सन्देशसाथ
सारा विन्ती चढाये नृपतिकन कठै!! त्यै बन्यो वज्रपात ॥

(२४)

बढ्दै गो भित्र बाधा नृप दशरथको, होसले ठाम छाड्यो
मानू कालो पताका शिर-उपर कुनै मृत्युले टक्क गाड्यो।
भन्दाभन्दै अगीको स्वचरित मुटुको स्पन्द खुस्क्यो तमाम
राजाले भित्र भेटे हृदयकुहरमा **तारकब्रह्म राम** ॥

(२५)

मानू आँधी अँध्यारो नगरभर उठ्यो शोक सन्ताप छाई
तत्कालैमा वशिष्ठ-प्रभृति सचिवले केकयी-पुत्रलाई।
दूतद्वारा झिकाये, तर उनि जननी-बुद्धिको नीचताले

शर्माये, गर्नुपर्ने विधि दशरथको खिन्न भै गर्न थाले ॥

(२६)

बोल्नू चाल्नू परै होस्, मुखतक जननीको पटक्कै नहेरी
साथै मन्त्री वशिष्ठ-प्रभृति सब लिई राज्यमा पीठ फेरी।
ठाडै निस्केर जाँदा भरत, पछि-पछी भीड लाग्यो तमाम
बोल्थे ती शब्द एकै विरहवश रूँदै मार्गमा **हाय ! राम** ॥

(२७)

पैले भेटी बताई गुहसित दिलको दुःख वा दर्द सारा
पोखी फेरी प्रयागस्थित मुनिवरका पाउमा अश्रु-धारा।
जाँदा सोझै अगाडी विरहवश रुँदै भेट्टियो चित्रकूट
गर्थे मानू चराले रघुवरगुणको गान जस्मा अटूट ॥

(२८)

रोकी साथै गयेको दलबल अथवा भीड राखी पछाडी
लड्दै-पड्दै पुगे ती रघुवर रहने पर्णशाला अगाडी।
देखी त्यस्तो अवस्था सरल भरतको भक्ति-भावाऽभिराम
पैले नै मर्म ताडी मनमन हुनुभो **भक्तिमा मुग्ध राम** ॥

(२९)

पस्रे ती पाउमा गै, नयनबिच बग्यो बर्बरी अश्रुधारा
केही बोल्नै शकेनन् उनि, रघुवरले भन्नुभो हे पियारा !
बाबू ! के भन्न आयौ ? तिमि त कुशल छौ ? के छ चाला उताको
आरामी नै छ के ती चरणकमलमा सत्यवादी पिताको ?

(३०)

भन्ने इत्यादि सुन्दा कुशलविषयक प्रश्न त्यो रामबाट
घुँक्काको साथ निस्क्यो दशरथ नृपका मृत्युको बिल्लिबाठ।
त्यो सुन्दा मर्मभेदी श्रुति-कटु घटना धैर्य छोडी तमाम
लोट्नुभो हा! पिताजी! भनि विकल हुँदै **शोकसन्तप्त राम** ॥

(३१)

गङ्गामा तोयदान-प्रभृति सब गरी भन्नुभो भाइलाई
बाबू! फर्केर जाऊ, बस रघुकुलको राज्य राम्रो चलाई।
त्यो सुन्नासाथ बोले भरत विनयले नाथ! खाली ममात्र
फर्की रित्तो अयोध्यातिर अपयशको बन्न चाहन्न पात्र ॥

(३२)

दाज्यैज्यू! राज्य लागोस्, अब किन वनमा? जल्दि फर्केर जाऊँ
छोडी रित्तो अयोध्या कि त म पनि यहीं पाउमा बस्न पाऊँ।
भन्दै शोकाऽऽर्त भाई भरत चरणमा पर्स्रँदा भक्तिधाम
लाग्नूभो भन्न आँशू पुछिकन उनको **युक्त-युक्तिज्ञ राम** ॥

(३३)

पित्राज्ञा-पालना हो सरल अति ठुलो पुत्रको धर्म खास
जस्ले गर्दैन त्यस्को कदर हृदयले, हुन्छ उस्को विनाश।
बाबू! साम्राज्य सारा तिमिकन दिनुभो, त्यो तिमी ल्यौ सहर्ष
मै भोग्छू अंश मेरो खुशिसित वनको वास या चौध वर्ष ॥

(३४)

दिन्छू मेरा खराऊ, प्रणयसँग लगी काम राम्रो चलाऊ

तत्सत् गर्दै तिनैमा प्रतिदिन सब त्यो राज्यभारा बिसाऊ।
भन्ने शिक्षा र फिर्ने अवधि पनि दिँदा चित्तमा भित्र घाम
लाग्यो, फर्के बिदा भै भरत, हुनुभयो **सिद्धसङ्कल्प राम** ॥

(३५)

बस्ता साऽऽनन्द केही दिन उस गिरिमा दुर्मुखे काग आयो
सीताको पद्म जस्तो चरणकन ठुँगी रक्तधारा बगायो।
त्यो देखी कष्ट मानीकन रघुवरले ईषिकाऽस्त्र-प्रहार
गर्नूभो घुम्न थाल्यो भुवन, विपदको किन्तु पायेन पार ॥

(३६)

लाचारीसाथ फेरी शरण चरणमा नीच-त्यो पर्न आयो
यौटा आँखो गुमायो फगत, अरू सबै जिन्दगानी बचायो।
पत्ता पाई कुरो त्यो प्रतिदिन दुनियाँ पुग्न लाग्यो तमाम
बन्नू भो अन्त जाने विषयतिर **बडो उद्यत-प्राय राम** ॥

(३७)

छोडी त्यो चित्रकूटाऽचल अति घनिलो दण्डकाऽरण्य जाँदा
सामुन्ने पर्न आयो उटज नगिचमा अत्रिको शान्त सादा।
हेर्दै त्यो शान्ति-शोभासहित हितकरी अत्रिको आश्रम-श्री
श्रद्धा राखी कुटीमा पुगिकन ऋषिको पाउमा चट्ट पस्री ॥

(३८)

बस्ता अन्योऽन्य उर्ल्यो ऋषि रघुवरको भित्र-आनन्द-धारा
सीताको अत्रिपत्नीसित मिलन भयो, अङ्ग रागाऽऽदि सारा।

टक्र्यायिन् तापसीले निमिषमय बनी रात गुज्र्यो तमाम
राम्रो सत्सङ्ग मिल्दा मुनिसित, हुनुभो **शान्तिसम्पन्न राम** ॥

**इति अयोध्या काण्ड**

# अरण्य काण्ड

(१)

भोलीपल्टै बिदा भै मुनिसित, मुनिकै शिष्यका साथ लागी
थोरै टाढा नदीको तट-निकट पुगी, त्यो तरी, नाउ मागी।
बढ्दै जाँदा अगाडी विमल सर मिल्यो, दूर भो घाम प्यास
आयो ठाडै विराधाऽसुर नगिच तहाँ गर्जंदै साऽट्टहास ॥

(२)

त्यस्का ती हात, खुट्टा शिर सब शरले कट्ट काटेर मारी
दुर्वासाले दियेको विकट असजिलो शाप उस्को उतारी।
उस्लाई दिव्य विद्याधर पद दिनुभो त्यो गयो आत्मधाम
लाग्नूभो वाणभङ्गाऽऽश्रमतिर **उनको दर्शन-व्यग्र राम** ॥

(३)

तत्कालै कर्मयोगी मुनिवर शरभङ्ग क्रमैले विशेष
टक्र्याई पाद्य, अर्घ्य प्रभृति सब कुरा 'नाथ! अग्निप्रवेश-
गर्छु, मेरो तपस्या सब सफल भयो, दर्शन स्पर्श पायें
जो बोभ्मा कर्मको हो चरण कमलमा त्यो खुशी भै बिसायें ॥

(४)

भन्दै बल्दो चितामा कुसुम-शयनमा तुल्य मानी सुबिस्ता
देख्दा-देख्दै महात्मा स्थविर मुनि बडो भक्तिका साथ पस्ता।
निस्के लाखौं प्रशंसावचन, उनि गये दिव्य कैवल्य-धाम
देखी त्यो सत्यनिष्ठा मनमन हुनुभो **गद्गदाऽऽकार राम** ॥

(५)

बस्ता क्यै काल तेही गहन विपिनमा सिद्ध योगी प्रशस्त
आये, विन्ती चढाये निशिचरहरुको विघ्न बाधा समस्त।
देखाये जीर्ण हड्डीहरु ऋषि-मुनिका मिल्कियेको अनेक
ती देख्दा बढ्न थाल्यो मनबिच करुणा साथसाथै उदेक ॥

(६)

जो जो हुन् नीच पापी निशिचर बलिया सर्वसंहारकारी
मारी सारा क्रमैले घुमि घुमि वनमा शान्ति राम्रो फिँजारी।
फेरी हेर्दै रसीलो उस वनपथको माधुरी ठाम ठाम
पुग्नूभो श्रीसुतीक्ष्णाऽऽश्रम-बिच **तपसीवृन्दले वन्द्य राम** ॥

(७)

त्यो रात्री त्यै सुतीक्ष्णाऽऽश्रमबिच उनका साथ अन्योन्य बात
गर्दैमा धेर घर्क्यो, गगन विमल भो, झुल्किहाल्यो प्रभात।
घन्क्यो गम्भीर वेदध्वनि, खगकुलको शब्द निस्क्यो सुतीक्ष्ण
विस्तारै घुम्न निस्के प्रिय रघुवरको साथ लागी सुतीक्ष्ण ॥

(८)

चौतर्फी दिव्य शोभामय उस वनको रम्य त्यो कान्तिधारा

देख्दा उर्लेर आयो पल-पल दिलमा शान्तिको सिन्धु सारा।
देखाये फेरि पञ्चाऽप्सर सर मुनिले दिव्य सङ्गीत-धाम
जस्को वृत्तान्त सुन्दा अलिछिन हुनुभो **कौतुकाऽऽक्रान्त राम** ॥

(९)

त्यो रम्य स्थान छोडी अरु पनि मुनिका वस्ति वा वास हेरी
भेटी ज्ञानी अगस्त्याऽनुजकन उनकै साथ लागेर फेरी।
बढ्दै जाँदा अगाडी नयनबिच पऱ्यो स्थान त्यो सुस्त-सुस्त
जस्मा बस्थे महात्मा जलनिधि पिउने विन्ध्यरोधी अगस्त्य ॥

(१०)

शोभा हेर्दै तहाँको कुलपति मुनिको दर्शनस्पर्श गर्दा
फाट्यो यद्वा विलायो श्रमजनित सबै चित्तको ग्लानि पर्दा।
शिष्यद्वारा क्रमैले प्रणयसित भयो मान पूजा तमाम
सीता सौमित्रि साथै अति खुश हुनुभो **पाहुनारूप राम** ॥

(११)

भोलीपल्टै विवेकी कुलपति मुनिले राममा भक्तिसाथ
टक्र्याइ दिव्य ठोक्रो, शर, धनुष तथा खड्ग यो गूढ बात।
आज्ञा भो– हे मनस्वी ! समरविजयको शक्ति यस्मा छ भारी
फिर्नू होला यसैले निशिचर-कुलको गर्व निर्मूल पारी ॥

(१२)

सत्याशीर्वाद यस्तो प्रिय कुलपतिको माथमा भक्तिसाथ
राखी, हर्षाश्रु भिक्तै चरणबिच झुकी टप्प जोडेर हात।
जाँदा सोझै बिदा भै सरस शरवटी *(पञ्चवटी)*, नामको योग्य ठाम

पुग्नूभो दूरदर्शी निशिचर-वधमा व्यग्र **निर्भीक राम** ॥

(१३)

बस्ता गोदावरीको तट-निकट तहाँ पर्णशाला बनाई
घुम्दै सम्भोगलुब्धा दशमुख-भगिनी *(शूर्पणखा)* जम्जमायेर आयी।
इच्छा उस्को नपुग्दा झटपट दगुरी जानकीतर्फ उल्टो
त्यस्ले गर्दा त्यसैको श्रवण सँगसँगै काटियो नाक चुल्ठो ॥

(१४)

चिच्याई उग्ररूपा कुपित निशिचरी त्यो त्यहाँबाट भागी
सारा वृत्तान्त सोझै गइकन खरका सामने भन्न लागी।
त्यो रक्षोध्वंसकारी रगतमय कडा बीज रोपी तमाम
लाग्नूभो हेर्न बाटो निशिचरहरुको **सज्ज साऽऽशङ्क राम** ॥

(१५)

सुन्दा उस्को बिलौना, विनय, विकलता त्यो जनस्थानवर्ती
सेना साथै लियेका खर र तिनशिरा दूषण क्रोधमूर्ति।
ठाडै दौडेर आये, रघुवर तिनको मर्म राम्रो विचारी
राखी सौमित्रि सीता अलि पर हुनुभो युद्धलाई तयारी ॥

(१६)

दोहोरै चल्न लागे किसिम किसिमका घोर शस्त्राऽस्त्र तीर
मूला झैं काटिये ती समरबिच सबै चौध हज्जार वीर।
वर्ष्यो आनन्दधारा मधुर, सब जनस्थान भो शान्ति-धाम
यस्ले गर्दा हुनूभो अलिदिन **विजयाऽऽनन्दमा मस्त राम** ॥

(१७)

त्यो लुच्ची नाकबुच्ची रगत सँगसँगै दुःखका अश्रुधारा
झार्दै लङ्कापुरीमा पुगिकन दिलको दुःख वा दर्द सारा।
दाज्यू राजा प्रतापी उस दशमुखका पाउमा पोख्न थाली
मानू उस्ले कुकर्मी निशिचरकुलमा नाशको अग्नि बाली ॥

(१८)

त्यो सुन्दा जानकीमा शठ दशमुखको भोग-दुर्भाव जाग्यो
भेट्यो मारीच, सीताहरण विषयको मन्त्रणा गर्न लाग्यो।
रोपेँ त्यो बीज त्यस्तो, अब निशिचरले के कती धूमधाम
गर्छन्, भन्दै हुनूभो विपिनबिच यता **तर्कमा मग्न राम** ॥

(१९)

त्यै वेलामा सुनौला मृग बनि वनमा दुष्ट मारीच आयो
सीताको चित्तलाई छनकमनकले उग्र लोभी तुल्यायो।
जिद्दी भो पक्रनामा, रघुवर उसको दौडनूभो पछाडी
ज्यादा टाढा पुर्‍यायो जब अनि कपटै हो भनी मर्म ताडी ॥

(२०)

हान्नूभो वाण तीखो ढुनुमुनु भइ त्यो भूमिमा ढल्न थाल्यो
हान्दामा हा! सुमित्रासुत भनि बिचमा आर्त बोली निकाल्यो।
त्यस्ले सौमित्रि सोझै वनतिर दगुरे, उल्टियो इन्तजाम
भाई देख्दा बिचैमा बहुत हुनुभयो **संशयापन्न राम** ॥

(२१)

मौका छोपी उता त्यो शठ दशमुखले भिक्षु-लीला-प्रचार

गर्दै सीता उडायो, गगनबिच उठ्यो आर्त चर्को पुकार।
दौडे ठाडै जटायु द्रुतगति नभमा लड्न थाले बिछट्ट
लड्दा लड्दै ढले ती विकल अधमरा काटिँदा पक्ष कट्ट ॥

(२२)

हेर्दा फर्केर आईकन रघुवरले पर्णशाला तमाम
रात्रीको चन्द्रिकाले रहित नभसरी देखियो दुःख धाम।
हा सीता! हाय देवी! अहह!! तिमि कहाँ? के छ मेरो विराम?
भन्दा भन्दै हुनूभो विरहवश कठै! **चेतनाशून्य राम** ॥

(२३)

सीतालाई उता त्यो शठ दशमुखले सिन्धु पारी पुऱ्यायो
छायामा शिंशपाको उपवन-बिचमा वास राम्रो खटायो।
पाले भै बस्न थाले विकट निशिचरी जानकीनेर आई
गाली, धम्की, फकौटे वचनहरु भिकी घाउमा चूक लाई ॥

(२४)

सीता खोज्दा यता त्यो वनबिच बिचरा भेट्टिये ती जटायु
छाडे वृत्तान्त सारा कहिकन उनले अन्त्यमा प्राणवायु।
हो जस्तो गर्नुपर्थ्यो गरिकन उनको गैह्र अन्त्येष्टि-काम
भन् भन् ज्यादा हुनूभो विरहवश रुँदै **उग्रउद्भ्रान्त राम** ॥

(२५)

त्यै वेला सालजस्ता अतिशय बलिया बाहु लम्बा पसारी
मुर्कट्टा दैत्य निस्क्यो निज भुज– बिचमा राम सौमित्रि पारी।
त्यस्का ती बाहु काटी अनल-बिच धरी शाप-निर्मुक्त पारी

जाँदा सोझै मतङ्गाऽऽश्रमतिर शबरी भेट्टियिन् वृद्ध नारी

(२६)

टक्र्याई पाद्य अर्घ्यादिक सब उनले भक्ति राखी विशेष
ल्यायिन् नैवेद्यलाई बयर अति मिठो जो थिये भुक्तशेष।
त्यो श्रद्धाले भिजेको अमृतमय मिठो वन्य खाना तमाम
खाई सन्तुष्ट सान्है उनिसित हुनुभो **भक्तिको वश्य राम** ॥

(२७)

सीता-वृत्तान्त विन्ती गरि, अलिपरको दिव्य पम्पा तलाऊ
देखाई, अङ्गुलीले फिर रघुवरका टप्प पक्रेर पाऊ।
आज्ञा होस्, दर्शनैले तप सफल भयो, छैन कर्तव्य शेष
सामुन्नेमा म गर्छू प्रणयसित यहीँ नाथ! अग्नि-प्रवेश ॥

(२८)

भन्दै योगाऽग्नि-पूता स्थिरमति शबरी अग्निमा शान्तिसाथ
देख्दा-देख्दै बिलाई परम पद पुगिन्, भस्म भो तुच्छ गाथ।
हेरी ती भिल्लिनीको ऋषि मुनि सबले मान्य सर्वोच्च काम
केही वेला हुनूभो विरह सब भुली **चित्रले तुल्य राम** ॥

**इति अरण्य काण्ड**

# किष्किन्धा काण्ड

(१)

सुस्केरासाथ फेरी चपल भइ उठ्यो चित्तको वृत्ति-धारा
वासन्ती कान्ति भैगो सजल नयनमा तीक्ष्ण तेजाब सारा।
लाग्नूभो राम पम्पासर-तिर सहसा ऋष्यमूकाऽद्रिबाट
देखे सुग्रीवले त्यो सभय नयनले भाव-गम्भीर ठाँट ॥

(२)

शङ्का लाग्यो, तुरून्तै बुझ्न भनि हनुमान् वीरलाई पठाये
तत्कालै ब्रह्मचारी बनि चतुर तिनी सामने पर्न आये।
सारा विन्ती चढाये नृप कपिवरको भाव भित्री तमाम
त्यो सुन्दा मित्रतामा मनमन हुनुभो **उत्सुकप्राय राम** ॥

(३)

जानूभो दूरदर्शी रघुवर उनका साथ सुग्रीवसङ्ग
गर्नू भो भेट, सीताहरण-विषयको चल्न लाग्यो प्रसङ्ग।
सीताले फालियेका जुन जति गहना हुन् सबै एक-एक
देखाये रामलाई, हृदय-बिच भयो अश्रुधाराऽभिषेक ॥

(४)

दोटै कान्तावियोगी, नियति-वश दुवै राज्यलक्ष्मी-विहीन
दोटैको बात गर्दा हृदय-बिच उठ्यो भाव अर्कै नवीन।
मैत्री भो बाँह जोरी, उभयतिर भयो कार्यको इन्तजाम
लाग्नूभो सुन्न बाली-बल-चरित सबै **मित्रता-बद्ध राम** ॥

(५)

देखाये दुन्दुभीको विकट शिर तथा तालका वृक्ष सात
बालीको गर्दथे जो बल र विजयको घोषणा एकसाथ।
औँठाले दूर फ्याँकी शिरकन, शरले तालका वृक्ष भेद
गर्दै मेटी-दिनूभो प्रिय कपिवरको संशय, ग्लानि, खेद ॥

(६)

आज्ञा भो– हाँक देऊ, लड कमर कसी, कत्ति शङ्का नमान
पक्का गर्नेछ मेरो शर उस रणमा दुष्टको रक्तपान।
त्यो सुन्नासाथ दौडे कपिवर रिसले गर्जदै धूमधाम
लुक्नूभो वाण ताकी रुखमनि नगिचै **मित्रधर्मज्ञ राम** ॥

(७)

लड्दा सुग्रीव भागे सहन कठिन भै बालिको वज्रमुष्टि
बोले आयेर 'धोका मकन किन?' भनी छल्छलायेर दृष्टि।
आज्ञा भो रामले यो– चिन्हिन सम हुँदा, पैह्रि यो पुष्पमाला
लौ जाऊ, वाण मेरो छलिकन कसरी दुष्ट उम्केर जाला?

(८)

त्यो आज्ञा पाइ बालीसित उनि भिडिये, बीचमा सन्सनाई

बालीको छाति फोरी विकट शर घुस्यो, ती ढले ढुन्मुनाई।
किष्किन्धा-मध्य कोलाहल-रव सहसा मच्चियो धूमधाम
लाग्नूभो हेर्न बालीकन गइ नगिचै **वीरता-मुग्ध राम** ॥

(९)

बालीले राम देखी कठिनसित भने यो कुरा– 'वीर राम!
व्याधाको तुल्य तिम्रो मउपर किन यो नीच नादान काम?'
तिम्रो वीरत्वलाई किन किन मनले दिन्छ धिक्कार भारी
कत्रो दुर्नाम होला लुकिकन यसरी वीरकै ज्यान मारी ॥

(१०)

बाली सुग्रीव हामी उभय सम थियौं, खास तिम्रा निमित्त
सीताको खोज गर्थें म पनि, किन धस्यौ पापमा व्यर्थ चित्त?
यो सुन्दा भातृपत्नी-गमन-विषयको पाप यद्धा विराम
देखाई वाण तानीकन चुप हुनुभो **राजनीतिज्ञ राम** ॥

(११)

मार्यौ हे राम! मेरा पति जुन शरले त्यै ममा झट्ट हान
जान्दैछौ प्रेम-बाधा, प्रियसित गरिद्यौ प्रेयसीको मिलान।
भन्दै शोकाऽऽर्त तारा जमिन-बिच लडिन् रामकै पाउनेर
लम्बा झाँक्रो फिँजारी विरह-वश रूँदै न्याहुली झैँ भयेर ॥

(१२)

आज्ञा भो देवि! तारा! भन पति कुन हो? देह वा जीव खास?
देख्दैछौ देह त्यै हो, जनम-मरणको जीवमा छैन वास।
भन्ने इत्यादि सुन्दा नियति-वश हट्यो भ्रान्ति बाधा तमाम

मानिन् आश्चर्य, देखिन् हृदय कुहरमा **शुद्ध निःशोक राम** ॥

(१३)

फेरी सम्पूर्ण आँशू पुछिकन उनले सृष्टिलीला-महत्त्व
श्रद्धा राखी सुध्यायिन्, सब रघुवरले भन्नुभो गूढ तत्त्व ।
बालीको गर्नुपर्ने विधि जुन जति हो अन्त्यको त्यो तमाम
पुत्रद्वारा पुरा-भो, समरबिच मरी ती गये वीरधाम ॥

(१४)

आयो सुग्रीवमाथी रिपुरहित ठुलो त्यो सबै राज्यभार
ताराको पुत्रलाई उहि बखत मिल्यो यौवराज्याऽधिकार ।
भो सीता-खोजनीको कठिन विषयमा मन्त्रणा इन्तजाम
बस्नूभो हेरि मौका अलि पर गिरिमा **सत्यसङ्कल्प राम** ॥

(१५)

आयो वेला अँध्यारो, गगनभर उठ्यो मेघमाला अँध्यारो
त्यो गर्यो, धर्र धर्क्यो दिल रघुवरको, भित्र झन् झन् अँध्यारो ।
वर्षाको साथ आँशू, चमचम बिजुली चम्कँदा हाय ! सीता !
आशाले इन्द्रिनीको सरस चहकमा झुण्डियो शोक-गीता ॥

(१६)

आज्ञा भो भाइलाई– प्रिय ! तिमि अहिल्यै जाउ सुग्रीवसङ्ग
मेरो बाधा बताऊ, बुझ सब उनको भाव वा रङ्ग ढङ्ग ।
त्यो आज्ञा पाइ झट्टै प्रणयसित झुकी लक्ष्मण क्षेम-धाम
किष्किन्धातर्फ लागे अलिछिन हुनुभो **एकलै खिन्न राम** ॥

(१७)

देख्दा सौमित्रिको क्यै कुपित मुख शरच्चन्द्रले तुल्य तारा
पैले आयिन, हटायिन् मधुर वचनले कोप कालुष्य सारा।
सीताका खोजनीको खटन-पटन भो, वानरी सैन्यसाथ
प्यारा सुग्रीव आये, रघुवरसँग भो कामको गैह्र बात ॥

(१८)

लाग्यो सेना बिदा भै हिँडन, पवनको पुत्रका हात खास
औँठी सुम्पी प्रियाको प्रणय-वश लिँदै दीर्घता-पूर्ण शास।
देखाई उष्ण आँशू पुछिकन उसमा आफनू स्पष्ट नाम
सीतालाई दिये है भनिकन हुनुभो **पूर्ण विश्वस्त राम** ॥

(१९)

खोजीमा जानकीको प्रणयसित चले वीर लाखौँ तुरुन्त
घुम्दा विन्ध्याऽटवीको वरपर वनमा प्यास लाग्यो दुरन्त।
हेमाSSख्या तापसीको पसि गहन गुफाभित्र आनन्दसाथ
खाये निर्धक्क पानी, फलफुल, गरदै तापसीसङ्ग बात ॥

(२०)

निस्की घुम्दै पुगे ती जलनिधि-तटमा चित्त भैगो निराश
सीता फेला नपर्दा हृदय-बिच बढ्यो दण्डको त्रास खास।
पल्टे प्रायोपवेश व्रत लिई बिचरा मर्नलाई तमाम
सम्झी सङ्कष्टहारी घटघट रहने **सच्चिदानन्द राम** ॥

(२१)

आये सम्पाति खाने नियतिसँग सुने भ्रातृ-मृत्यु-प्रसङ्ग

सोधे, रोये, नुहाये, सविधि जल दिये चित्त पारी भरङ्ग।
जानेको जानकीको खबर सब कही वीर हो! सिन्धु पारी
को जाने? जाउ चाँडो भनिकन नभमा ती उडे वेग मारी।

(२२)

सारा ती खल्बलाये, छलफल पनि भो किन्तु लत्र्यो विचार
सम्झायो जाम्बवान्ले उस पछि हनुमान् वीरको शक्ति-सार।
त्यो सुन्दा ब्रह्मचारी पवन-सुत उठे गर्जंदै धूमधाम
सम्झी आराध्य एकै अशरण-शरण **प्राणको प्राण राम**॥

## इति किष्किन्धा काण्ड

# सुन्दर काण्ड

(१)

श्रद्धाका साथ राखी शिरउपर बुढा जाम्बवान्‌को शुभाशीः
भाई हो ! हेर तर्छू जलनिधि म भनी फूर्ति राम्रो निकासी।
ठाडै उक्ले महेन्द्राऽचल उपर तिनी गर्जना गर्न थाले
त्यो देख्दा ती सबैले मधुर जयजयोल्लास भारी निकाले ॥

(२)

धस्काई जोडले त्यो गिरिशिखर दह्रा हात पाऊ पसारी
तन्की मण्टो ठड्याइ बनिकन बलियो खेचरी-शक्तिचारी।
तत्कालै सन्सनाई रघुपति-शर झैँ ती उडे शक्ति-धाम
हेर्दै प्रत्यक्ष औंठीउपर बल दिने **अद्‌भुतज्योति राम** ॥

(३)

बाटोमा बुद्धि जाचूँ भनिकन सुरसा जम्जमायेर आयिन्
बाँयिन् अत्यन्त ठूलो मुख तर बिचरी अन्त्यमा हार खायिन्।
फेरी मैनाक भेटी खुशिसित, हठिली सिंहिकालाई मारी
शङ्काको साथ लङ्का-शहर-बिच पुगे रातमा सिन्धुपारी ॥

(४)

ढोकामा राष्ट्रदेवी अधिक बलवती लङ्किनी रोक्न आयिन्
मुक्का मारी छदाये रगत, उनि झुकिन, हाल सारा बतायिन्।
घुम्दै त्यै शिंशपाको रुखउपर पुगे ती महा-शक्तिधाम
सीताजी जप्नुहुन्थ्यो जुन तरुतलमा **प्राणसर्वस्व राम** ॥

(५)

घेरामा राक्षसीको मलिन मुख गरी क्यै झुकायेर माथ
झोक्रायेकी कपोलस्थल-उपर धरी शोकले वाम हात।
देखी अत्यन्त मैली दिवस विधुसरी जानकी प्राणशेष
बिर्से त्यो क्लेश, सम्झे श्रम सफल, डुबे भक्तिमा ती विशेष ॥

(६)

त्यै वेलामा दुरात्मा दशमुख रमणी-वृन्दका साथ आयो
सम्झायो राम छोडी मकन भज भनी धाक-धम्की लगायो।
त्यो सुन्दा जानकीले परुष वचनले भन्नु भो– 'हे हराम!
त्यस्तो दुर्वाच्य बोल्छस् किन तँ नसमझी **आफनू काल राम** ॥'

(७)

त्यस्तो टङ्कार सुन्दा दशमुख चुरियो, खड्ग ठाडै उठायो
रोकिन् मन्दोदरीले, तदनु निशिचरी वर्गलाई अह्रायो।
जे गर्दा यो सधिन्छे, उहि गर सबले, गर्व यस्को उतार
आज्ञा मेरो नमाने नियत अवधिमा शस्त्रले काट मार ॥

(८)

यस्तो उर्दी सुनाई दशवदन फिऱ्यो, राक्षसी एकसाथ

सीताको गर्न लागे किसिम-किसिमका वाक्यले मर्म-घात।
सम्मायिन् तिर्जटाले, अगल बगलमा ती निदाये तमाम
भन्नूभो जानकीले सहन कठिन भै मर्दछू **नाथ! राम** ॥

(९)

सुर्के पाशो बनाई अब यस रुखमा आफनै केशपाश
झुण्डिन्छू, प्राण दिन्छू भनिकन गरदी आँट यद्वा प्रयास।
सीताको छाँट देखी क्रमसित उनले रामलीला पवित्र
माथीबाटै बताये अमृतसरि मिठो जो थियो कानभित्र ॥

(१०)

फेरी विस्तार ओर्ले, प्रणति चरणमा भक्तिका साथ लाये
टक्र्याये चट्ट औंठी, खबर अरु पनी गैह्र विन्ती चढाये।
देख्दा सुन्दा सबै त्यो अघटित घटना मत्त्यु-बाधा तमाम
सीताले बिर्सनूभो, नयनयुगलमा घुम्नुभो **स्निग्ध राम** ॥

(११)

आज्ञा भो– वत्स! देख्यौ शठ दशमुखको गर्जना, धाक, धम्की
देख्यौ पालो बसेको विकट निशिचरी-वृन्दको लम्कि झम्की।
देख्यौ मेरो अवस्था पनि सब तिमिले छैन वक्तव्य बाँकी
खाली घुम्दो छ मेरा विकल हृदयमा मृत्युको मात्र झाँकी ॥

(१२)

औंठी सन्देश ल्याई जिनतिन अहिले मृत्यु रोक्यौ, परन्तु
यो मेरो टिक्न सक्ला कति दिन नटुटी देहमा प्राण-तन्तु।
त्यो सुन्नासाथ बोले कपिवर, जननी! छुट्छ बाधा तमाम

चाँडै नै देख्नु होला दशमुखशिरमा **न्यस्त-पादाब्ज राम** ॥

(१३)

माताजी ! आज मेरो श्रम सफल भयो, दर्द वा कष्ट सारा
देखें, विन्ती चढाई रघुपति पदमा लाउनेछू किनारा ।
आज्ञा पाऊँ, म जाऊँ भनि उनि उभिये, जानकीबाट फेरी
आज्ञा भो चिह्नलाई मणि दिइ शिरको कष्टका साथ हेरी ॥

(१४)

टक्र्याये बाहुलीमा मणि पदयुगमा कष्ट विन्ती चढाये
दिन्छू बाबू ! शुभाशीः अभय पद लिये, नाथका साथ आये ।
यो आज्ञा पाइ भोका कपि उपवन त्यो घुम्न थाले तमाम
खाये निर्धक्क मीठा फलफुल समभी **भक्त-भावज्ञ राम**॥

(१५)

जो जो हुन् आइलाग्ने उस उपवनमा ती सबै चूर्ण पारे
कान्छो अत्यन्त प्यारो सुत दशमुखको सैन्यका साथ मारे ।
लाग्नाले इन्द्रजित्को समर-बिच पछी कण्ठमा ब्रह्मपाश
तत्कालै बाँधिये ती निशिचर-दलमा भो ठुलो अट्टहास ॥

(१६)

ठाडै ल्याये सभामा बहस बहुत भो, पुच्छमा अग्नि लाये
झोस्तै त्यै अग्नि उफ्रे घर घर हनुमान्, गैह्र लङ्का जलाये ।
आये फर्केर वारी फिर, कपि-दलमा हर्ष भो धूमधाम
साराले भन्न थाले जय जय जय होस् **जानकीज्यान ! राम** ॥

(१७)

जातीय ज्योति जस्तो पवन-तनयको साथ खूशी भयेर
आये खाँदै सबै ती मधु मधुवनको राम सुग्रीवनेर।
खूशी भै हात जोडी झटपट हनुमान् दण्डवत् गर्न आये
सीता-सन्देश साथै मणि रघुवरका बाहुलीमा चढाये ॥

(१८)

लङ्काको दाहसाथै वध निशिचरको जानकी-शोक सारा
सुन्नूभो दोहऱ्याई, नजर-बिच बह्यो बर्बरी अश्रुधारा।
सुन्दा सुन्दै सबै त्यो खबर अरु कुरा बिर्सनूभो तमाम
हाली ठाडै अँगालो उनिकन हुनुभो **गद्‌गदाऽऽकार राम** ॥

(१९)

मिल्दा आलिङ्गना त्यो प्रिय कपिवरका चित्तको ग्लानि भाग्यो
कस्तो कस्तो उज्यालो समरस परमाऽऽनन्दको ज्योति जाग्यो।
आज्ञा भो सिन्धु त्यत्रो तरिकन तिमिले जो गऱ्यौ दिव्य काम
यो भन्दा दिव्य त्यस्को त्रिभुवनभरमा छैन अर्को इनाम ॥

(२०)

भित्री आश्लेष यो हो, बुझ तिमि यसले पूर्ण तादात्म्य पायौ
हे बाबू! आजदेखी जनम-मरणको बन्ध-बाधा बिसायौ।
यो सुन्नासाथ पस्रे कपिवर पदमा, ग्रन्थि फुस्के तमाम
भेट्टाये उत्तिखेरै हृदयकुहरमा **पूर्णनिर्लिप्त राम** ॥

**इति सुन्दर काण्ड**

# युद्ध काण्ड

(१)

सीता-सन्देश, लङ्कादहन सब सुनी हर्ष मानी अपार
गर्दै भारी प्रशंसा पवनतनयका बुद्धिको वार वार।
आज्ञा भो देवताले पनि कठिन थियो जो कुरा गर्न सोही
हेलैले पार लाये, सितिमिति हनुमान्तुल्य देखिन्न कोही ॥

(२)

आयो हाम्रा अगाडी अब निशिचरको वंशविध्वंस-काल
तर्ने हो किन्तु पैले अब कुन विधिले सिन्धु त्यस्तो विशाल।
यै चिन्ता-चक्रमाथी मगज फनफनी घुम्न थाल्यो तमाम
भन्दै निःश्वास साथै अलिछिन हुनुभो **चिन्तनाग्रस्त राम** ॥

(३)

बोले सुग्रीव चिन्ता मुफत किन? अहो! काम यस्ले दिँदैन
जाऊँ, सेना चलाऊँ जलधि हजुरका निम्ति दुर्लङ्घ्य छैन।
भन्नू भो रामले, यो सुनिकन सहसा अञ्जनीपुत्रलाई
लङ्काको रूप-रेखा सब भन अनि पो जाउँला लड्नलाई ॥

(४)

त्यो आज्ञा पाइ बोले विनयसित उनी– नाथ ! लङ्का छ भारी
बेगिन्ती वीर योद्धा-खचित चहकिलो स्वर्गको गर्वहारी ।
लक्ष्मीको त्यो छ मानू कनकमय महापीठ रत्नाऽभिराम
भन्ने इत्यादि सुन्दा अतिशय हुनुभो **कौतुकाऽऽकृष्ट राम** ॥

(५)

आयो प्रस्थानवेला, कपि-बल बलियो पूर्ण पारी तयारी
भाई सुग्रीव साथै जलनिधि-तटमा रामको भो सवारी ।
देख्दा उत्ताल नीलो जलनिधि सबका चित्तमा भो निराशा
राखी खाली भरोसा रघुपति-पदमा हेर्न लागे तमासा ॥

(६)

टोलाये, तुल्बुलाये सकल, हृदयको फूर्ति उत्साह गैगो
हेर्दा अत्तो न पत्तो उस जलनिधिको रङ्गमा भङ्ग भैगो ।
देखी लाखौँ करोडौँ कपिबल त्यसरी खुम्चियेको तमाम
ओजस्वी मुख्य योद्धाहरूसित हुनुभो **मन्त्रणामग्न राम** ॥

(७)

लङ्कामा कामदेखी पवनतनयको रावण क्रोधसाथ
लाग्यो राखी सभामा सचिवहरू सबै भन्न यो मुख्य बात ।
के हेर्छौ ? हेर यौटा उस कपिशिशुले यो तमासा गरायो
अले सुन्छू म लाखौँ कपिदल जलधि-प्रान्तमा लड्न आयो ॥

(८)

त्यो सुन्नासाथ बोले निशिचर बिचरो बालकै सम्झि हेला

गर्नाले उम्किहाल्यो नहि त निमिषमा पर्दथ्यो नानि फेला।
शङ्का सुर्ता नहोस् क्यै अब सकल खडा बस्तछौं ठाम-ठाम
पक्का बन्ने छ हाम्रो सुमधुर चटनी **भाइका साथ राम** ॥

(९)

त्यो सुन्नासाथ बोल्यो डरभर नलिई शूर त्यो कुम्भकर्ण
दाज्यै! पक्का परस्त्री-हरण-विषयको पाप गाह्रो छ टर्न।
जो भो, सो भो, गरौँला तदपि समरमा शत्रुको सैन्य-नाश
छौँ हामी खास योद्धा त्रिभुवनविजयी वीर, हुन्नौँ हताश ॥

(१०)

यै निस्क्यो इन्द्रजित्को पनि वचन कडा, फूर्ति उस्ले निकाल्यो
जम्बै वैरी म एकै गइकन रणमा मारुँला भन्न थाल्यो।
सुस्तै विन्ती चढाये उसपछि सरमानाथ[१]ले सप्रणाम
दाज्यै ज्यू! तुच्छ मेरो मन त अझ पनी देख्छ **दुर्जेय राम** ॥

(११)

यो सुन्नासाथ कड्क्यो दशमुख रिसले नीच! नादान! तेरो
देखें दुर्बुद्धि, लागिस् रिपुतिर रिपु भै पक्ष छोडेर मेरो।
मारी दिन्थें तुरून्तै तँकन अरू भये, बन्धुनाता हुनाले
बाँचिस्, भैगो, बिदा भो, खुशिसित रिपुको बन्न जा द्वारपाले ॥

(१२)

भन्दै लात्ती उजायो, झटपट सरमानाथ निस्केर आये
सामुन्नेमा खडा भै रघुपति-पदमा दर्द विन्ती चढाये।

वैरीमा फूट देख्दा कपिबल बलियो दङ्ग भैगो तमाम
बन्नू भो भाव राम्रो बुझिकन उनको **पूर्णसन्तुष्ट राम** ॥

(१३)

सम्झाई शान्त पारी शरण लिनुभयो, भित्र राखी विवेक
लङ्काको त्यै घडीमा उनिकन दिनुभो पूर्ण राज्याऽभिषेक।
त्यै वेला दूत आयो शुक दशमुखको वीर सुग्रीवनेर
बोल्यो फर्केर जाऊ, तिमिसित रिपुता छैन हाम्रो भनेर ॥

(१४)

पक्री यो शत्रु नै हो भनि कपिहरूले बेसरी पिट्न थाले
रोक्नूभो दूत मर्ला भनि रघुवरले अन्त्यमा कैद हाले।
बाटोघाटो नमिल्दा तर कपि-बल त्यो खल्बलायो तमाम
बन्नू भो अस्त्र हानी **जलधि-जलघटा-शोषण-व्यग्र राम** ॥

(१५)

आये झस्केर निस्की जलनिधि बिचरा, बाँधियोस् पूल नाथ!
यै मेरो खास छातीउपर भनि झुके पाउमा भक्ति-साथ।
पैले थापेर रामेश्वर शिव उनको भक्ति गर्दै विशेष
सैन्यद्वारा तुरून्तै जलधि-बिच भयो पूलको श्रीगणेश ॥

(१६)

थुम्का ल्याये कसैले, विकट गिरिशिला-खण्ड ल्याये कसैले,
ढुङ्गा माटो कसैले कठिन रुख मुढा तान्न लागे कसैले।
पानी ठेले कसैले नल अभिसर भै पूल बाँधे तमाम
बन्नूभो शक्तिशाली उस कपिदलको **शक्तिमा मुग्ध राम** ॥

(१७)

तद्‌द्वारा सैन्य सारा पुगि रघुवरका साथ त्यो सिन्धु पारी
ठाडै अग्लो सुवेलाऽचल उपर चढ्यो, गर्न थाल्यो तयारी।
लाखौँ लाठा र घोचा कठिन गिरिशिला-खण्डका खात लायो
लम्बा ओडार यद्वा विकट गिरि-दरी शस्त्रशाला तुल्यायो ॥

(१८)

मानू अर्धेन्दुजस्तो बनिकन बलियो सैन्य त्यो फैलिँदै गो
लङ्काको कान्तिधारा उस कपिदलको धूलिले मैलिँदै गो।
उक्ली त्यै शैलमाथी उदयशिखरमा सूर्य झैं दीप्तिधाम
लाग्नू भो हेर्न लङ्काशहर रहरले **शस्त्रसन्नद्ध राम** ॥

(१९)

अग्लो अट्टालिकामा उस अवसरमा अन्य रक्षोऽधिराज
मन्त्रीका साथ गर्थ्यो छलफल रणको गर्म पारी मिजाज।
त्यै वेला दूत फर्क्यो शुक, खबर सबै स्पष्ट विन्ती चढायो
त्यो सुन्नासाथ जाग्यो दशमुख, शुकले व्यर्थ धिक्कार पायो ॥

(२०)

सम्झायो माल्यवान्‌ले अपशकुन सबै झोंकियो झन् विछट्ट
हान्नू भो त्यै घडीमा शर रघुवरले काटियो मौलि कट्ट।
शर्मायो, गर्न लाग्यो महल-बिच पसी युद्धको इन्तजाम
लाग्नूभो भेद उस्को लिन सबतिरको **युद्धनीतिज्ञ राम** ॥

(२१)

घेऱ्यो सम्पूर्ण लङ्कापुर कपि-बलले, रोकिये द्वार गल्ली
नाकाबन्दी हुनाले शहरभर ठुलो मच्चियो हल्लिखल्ली।
बेगिन्ती फौज निस्क्यो निशिचरहरूको वीर हुङ्कार-साथ
दोहोरै चल्न लाग्यो विकट तरु-शिला-मुष्टि-शस्त्राऽस्त्र-पात ॥

(२२)

लङ्का भो होमवेदी, उसबिच समिधा राक्षसी सैन्य सारा
आगो भै दन्दनायो कपिबल, जयको घोष भो आज्यधारा।
सम्पत्ति श्री धुवाँ भैकन दशमुखको उड्न लाग्यो तमाम
बन्नू भो धीर धन्वी उस रणमखको **मुख्य आचार्य राम** ॥

(२३)

देखी सञ्जीविनीले मृत कपिहरुको प्राण-रक्षा गरेको
बेगिन्ती आफना ती निशिचर बिचरा खात लागी मरेको।
आफैँ त्यो लड्न आयो दशमुख रिसले सर्वशस्त्राऽस्त्रधारी
वर्षाई वाणवर्षा सब कपिलको गर्व विध्वस्त पारी ॥

(२४)

मानू गर्ज्यो अँध्यारो प्रलय-घनघटा, बन्द भो भ्याम्म दृष्टि
चर्क्यो शस्त्राऽस्त्ररूपी चमचम बिजुली, उग्र भो रक्त-वृष्टि।
योद्धाको उग्र कोलाहल-रव नभमा फैलियो धूमधाम
देखी त्यस्तो तमासा रिपुसित हुनुभो **काल भैं क्रुद्ध राम** ॥

(२५)

भाई देख्यो र हान्यो शठ दशमुखले शक्ति अत्यन्त ताती
लाग्यो सौमित्रिमा त्यो, नियतिवश गऱ्यो चेतना-शून्य छाती।

दौडे द्रोणाऽद्रिवर्ती बुटि लिन हनुमान, कार्यको विघ्नकारी
बाटोमा कालनेमि प्रकट हुन गयो सिद्धको भेष धारी ॥

(२६)

त्यो मारी झट्ट लाखौँ बुटि-खचित ठुलो पर्वतै येन केन
ल्याई ठाडै लडाये, बुटिहरू उसका छान्न थाले सुषेण।
जो-जो गर्ने क्रिया भो, सहजसित छुट्यो दर्द मूर्छा तमाम
देख्दा व्युत्थान त्यस्तो रणबिच हुनुभो **हर्षमा मग्न राम** ॥

(२७)

फेरी भो युद्ध भारी दशमुख नशकी टिक्न तत्काल भाग्यो
ब्यूँझायो कुम्भकर्ण, व्यथित हृदयले यो कुरा भन्न लाग्यो।
धेरै नै बन्धु मार्‍यो निशिचर बलिया शत्रुले दुर्निवार
आयो प्राणन्त-वेला, जसरि तसरि होस् दुष्टको सेखि भार ॥

(२८)

त्यो सुन्नासाथ बोल्यो डरभर नलिई त्यो गरी अट्टहास
दाज्यै! मैले भनेको वचन अब गलामा बन्यो काल पाश।
आज्ञा मान्छू, म जान्छू, तर अब रणमा जीतको छैन ठाम
आत्माले भन्छ मेरो-निशिचर कुलको हो **महाकाल राम** ॥

(२९)

यो सुन्दा त्यो घमण्डी दशमुख चुरियो, जोशिलो कुम्भकर्ण
निस्क्यो दुर्धर्ष सेना लिइ रघुवरका साथमा युद्ध गर्न।
दल्दै पिन्दै कुचल्दै कपिबल बलले मत्त हात्ती समान
आयो त्यो गर्न लाग्यो फिर रघुवरमा शस्त्र-वर्षा-वितान ॥

(३०)

हानी अर्धेन्दुजस्ता शर रघुवरले हात खुट्टा उडाई
काट्नूभो कट्ट फेरी विकट शिर पनी, त्यो ढल्यो ढुन्मुनाई।
आये देवर्षि, वर्ष्यो फुल, सुरगणमा हर्ष भो धूमधाम
लाग्नूभो हेर्न बाटो अरू निशिचरको **कृत्य-शेषज्ञ राम** ॥

(३१)

लङ्काको भाग्य-कुम्भोपम अति बलियो साहसी कुम्भकर्ण
ढल्दा उत्साह गल्दा मुख दशमुखको ग्लानिले भो विवर्ण।
देखी लङ्केशको त्यो समर-शिथिलता सैन्यको अव्यवस्था
'आजै दिन्छु बुवाज्यु! प्रभुकन रिपुको गर्व तोडी सुबिस्ता ॥'

(३२)

भन्दै छोरो पियारो सुरपुर-विजयी इन्द्रजित् जम्जमायो
सामग्री पूर्ण पारी समरविजयको होम त्यो गर्न लाग्यो।
मुस्लो देखी धुवाँको भ्रटपट सरमानाथले त्यो तमाम
सम्झाये मर्म खोली सकल, हुनुभयो **विघ्नता-व्यग्र राम** ॥

(३३)

तत्काले वीर लाखौँ लिइकन बलिया यज्ञको विघ्नकारी
निस्के सौमित्रि, पारे गडबड मखमा, लड्न भो त्यो तयारी।
गर्दै शस्त्राऽस्त्र-वर्षा तिन दिनतक त्यो युद्धमा दन्दनायो
लड्दा लड्दै सुमित्रासुत-सित उसले जिन्दगी नै लडायो ॥

(३४)

भो हाहाकार भारी, रिपुदल अरु त्यो भाग्न थाल्यो समस्त
त्यो सुन्नासाथ रोयो दशमुख, उसको भो सबै शक्ति अस्त ।
आये सौमित्रि फर्की रघुपति-पदमा धन्यावादाऽभिराम
देखी रक्ताम्य वीरोचित छवि हुनुभो **वीर्यमा मुग्ध राम** ॥

(३५)

सीता मारी म फेर्छू रिस भनि दगुऱ्यो मूर्ख रक्षोऽधिराज
मन्त्रीले किन्तु रोक्यो, विविध वचनले शान्त पारी मिजाज ।
त्यो फेरी आत्तिँदै गो गुरुसँग, विजय-प्राप्तिको अर्ति माग्यो
आयो, भूगर्भवर्ती भवन-बिच पसी होम नै गर्न लाग्यो ॥

(३६)

त्यो पत्ता पाइ दौड्यो कपिबल उसको होममा विघ्न गर्न
थाल्यो रानी अगाडी लगिकन उनको लाज सम्मान हर्न ।
सुन्दा उन्को बिलौना दशवदन उठ्यो भोक्कियो धूमधाम
त्यो आइ-लाग्छ चाँडै अब भनि हुनुभो **युद्धसन्नद्ध राम** ॥

(३७)

मानी लङ्केश फेरी समर-मरणमा वीरको मुक्ति जानी
धन्दा सुर्ता नमानी चुनिचुनि बलिया वीर वीर्याऽभिमानी ।
ती सारा साथ लाई चढिकन रथमा दन्दनायेर निस्क्यो
वर्षायो शस्त्र लाखौँ, रघुपति-दलका वीरको फूर्ति खस्क्यो ॥

(३८)

त्यै वेला दिव्य यौटा रथ सुरपतिले रामलाई पठाये
चढ्नूभो राम उस्मा, उभय दल भिडे, चोट खाये, खुवाये ।

बढ्दै गो शस्त्र-वर्षा रगतमय भये वीर योद्धा तमाम
आगाको हुर्कुलो झैँ धपधप हुनुभो **रक्त-रक्ताम्य राम** ॥

(३९)

काट्नू भो वाण हानी कर शिर उसका रामले जत्तिफेर
देख्दा-देख्दै जुटे ती वर-वश विधिको उत्तिकै उत्तिफेर।
लाग्यो आश्चर्य, फेरी अमृतमय कला नाभिको शुष्क पारी
मन्त्री ब्रह्मास्त्र, ताकी हृदय, शर कडा हान्नुभो मृत्युकारी ॥

(४०)

त्यस्ले त्यो ढुन्मुनाई जमिन-बिच लड्यो, आसुरी दुष्ट सृष्टि
अस्तायो, हर्ष छायो, जय-जय-जयका साथ भो पुष्प-वृष्टि।
आत्मा भो मुक्त उस्को, त्रिभुवनभरको भार गैगो तमाम
लाग्नूभो हेर्न लोकोत्तर विजय-छटा आफ्नू **वीर राम** ॥

(४१)

मन्दोदर्यादि शोकाऽऽकुल सब विधवा-वृन्दलाई बुझाऊ
जो-जो हो गर्नुपर्ने गर दशमुखको अन्त्य संस्कार जाऊ।
दाज्यू हो नीच पापी पतित भनि घृणा भित्र कत्ती नमान
ईर्ष्या वा वैर निन्दा जति सब नमरेसम्म हो सत्य जान ॥

(४२)

यो आज्ञा माथ राखी सुरुसुरु सरमानाथले काम-काज
सिध्याये, फर्कि आये, उनिकन दिनुभो त्यो सबै राजकाज।
फर्क्यो देवेन्द्रको त्यो रथ पनि प्रभुको पूर्ण पारेर काम
सीताको सम्झना भो, किनकिन हुनुभो **झन्न वा सन्न राम** ॥

(४३)

सुन्नूभो जानकीले क्रमसित हनुमान्‌बाट सन्देश सारा
मानू वर्ष्यो वहाँको श्रवण-विवरमा दिव्य पीयूष-धारा।
पुग्नूभो सुस्त-सुस्तै रघुपति-पदमा जानकी भक्तिसाथ
अस्तायो उग्र कालो विरहमय निशा, भाग्यको भो प्रभात ॥

(४४)

त्यो वेला दम्पतीका नयन युगलमा शीतलो अश्रुरेखा
भर्दै अन्योऽन्य भित्री मधुर-सुख-सुधा पर्नगो चट्ट देखा।
झुक्नूभो राम-रामा रमण-चरणमा प्राण भो एक ठाम
हेर्दा-हेर्दै हुनूभो **मन र वचनका भावमा भिन्न राम** ॥

(४५)

पैले नै खारियेको विकट विरहको सत्यको अग्निभित्र
बेदागी जानकीको कनकमय जगन्मान्य त्यो सच्चरित्र।
थाल्यो सामान्य आगो भ्रमवश बिचरो बीचमा जाँच गर्न
ठण्डा भो गर्व उस्को, चरणबिच-झुक्यो, शक्दथ्यो के ठहर्न?

(४६)

आये ब्रह्मादि देव, स्तुति बहुत गरे, सत्यनिष्ठा तमाम
हेरी फर्के, अयोध्या-गमन-विषयको पूर्ण भो इन्तजाम।
सीता, सौमित्रि, मित्र-प्रभृति सब लिई शौर्य-वीर्याऽभिराम
बिस्तारै फर्कनूभो नजर तल दिँदै **पुष्पकाऽऽरूढ राम** ॥

(४७)

हे सीता ! त्यो त्रिकूटाऽचल, जलनिधि त्यो, त्यो ठुलो पूल हाम्रो
त्यो प्यारो तीर्थ रामेश्वर, कपिवरको राज्य त्यो हेर राम्रो।
त्यो पम्पा, त्यो शबर्याश्रम, अति रसिलो हेर हाम्रो निवास
त्यै हो गोदावरीको निकट शरवटी त्यो अगस्त्याधिवास ॥

(४८)

त्यो सामुन्ने सुतीक्ष्णाऽऽश्रम, अलि पर त्यो अत्रिशाला-विभाग
त्यो प्यारो चित्रकूटाऽचल जलमय त्यो तीर्थराज प्रयाग।
भन्दै देखाउँदै त्यो क्रमसित सरयू सम्मको मुख्य ठाम
बिस्तारै उत्रनूभो उस **जलतटमा पूर्णकर्तव्य राम** ॥

(४९)

अन्योऽन्य प्रेमवार्ता मुनिवर*(भरद्वाज)* सँग भो, अञ्जनीको कुमार
द्वारा सन्देश पाये सकल भरतले, दूर भो दुःख-भार।
निस्के ती स्वाऽऽगतार्थी बहुत खुशि हुँदै, राजपूजोपचार
सारा साथै चलाये पछि-पछि उनको भीड लाग्यो अपार ॥

(५०)

देखीहाले विमानस्थित रघुवरको उत्रँदो त्यो सवारी
जो नन्दीग्रामनेरै जमिन-बिच थियो बस्नलाई तयारी।
त्यो देख्दा पुष्पवर्षा सहित जय-जयोल्लास भो धूमधाम
तत्कालै उत्रनूभो प्रणयसित तहाँ **मुक्तहर्षाऽश्रु राम** ॥

(५१)

गर्दा पाद्यादि राखी सविधि भरतले अर्चना भक्तिसाथ
पाऊमा पाद्यभन्दा डबल भइ झर्‍यो हर्षको अश्रुपात।

पूजा त्यो पूर्ण पारी चरणकमलमा घोप्टिये भक्त भाई
बाबू! भन्दै अनन्त प्रणयसँग दुवै बाहुलीले उठाई ॥

(५२)

पुछ्दै हर्षाऽश्रु धारा उनिकन उरले गर्नु भो अङ्कमाल
कस्ले जान्ने दुवैको उस अवसरको त्यो अनिर्वाच्य हाल।
वर्ष्यो लावा र रोरी फुलहरू, सबमा हर्ष भो धूमधाम
त्यो वेलामा हुनू भो **प्रणयमय सुधासिन्धुमा मग्न राम** ॥

(५३)

भो शिष्टाऽऽचार साथै सबसित सबको दर्शन, स्पर्श, बात
बातैपिच्छे सबैको नयन-युगलमा शीतलो अश्रुपात।
स्वर्गीय ज्योति मानू विरहमय तमोजाल फारी उदायो
कस्तो कस्तो उज्यालो चमचम सुषमा चम्चमायेर आयो ॥

(५४)

पित्राज्ञा-पालनाको व्रत सकल पुरा भो, जटा चीर सारा
फाली स्नानाऽऽदि गर्दा उभयतिर बढ्यो मोहनी कान्ति-धारा।
टक्र्याये राज्यभारा प्रणत भरतले पाउमा त्यो तमाम
बस्नूभो राजधानी-तरफ रथ चढी **बन्धुमध्यस्थ राम** ॥

(५५)

लर्केको तोरणश्री, जलघट, कदलीस्तम्भ, राम्रा पताका,
त्यो धूपाऽऽमोद, माला मधुर घरघरै दिव्य गुच्छा लताका।
हेर्दै प्यारो अयोध्या शहरबिच भयो सुस्तसुस्तै सवारी
जस्मा साऽऽनन्द वर्षा सबतिर फुलको गर्दथे पौर नारी ॥

(५६)

हेरी जाँची वशिष्ठाऽऽदिक मुनिहरूले रामराज्याऽऽभिषेक
गर्नालाई ठमाये शुभ दिन बढिया लग्नले युक्त एक।
तीर्थाऽम्बु, व्याघ्रचर्म-प्रभृति सब कुराको भयो इन्तजाम
लाग्नूभो राज्यसिंहाऽऽसन लिन विधिले **मङ्गलस्नात राम** ॥

(५७)

दायाँ सौमित्रि, बायाँ भरत, बगलमा उज्वल-च्छत्रधारी
भाई शत्रुघ्न, सेता दुइ चमर लिने मित्र दोटा तयारी।
पाऊमा अञ्जनीका तनय, अरू ठुला शिष्ट सामन्त सारा
लाखौँ पूजोपहार प्रणयसँग धरी चट्ट लागे किनारा ॥

(५८)

घन्के माङ्गल्य-बाजाहरु, कुलगुरुले माथमा भक्तिसाथ
पैऱ्हाये मन्त्र पढ्दै तिलक चहकिलो क्यै बढायेर हात।
सीता वामाङ्कमा ली, वर अभय दुवै हातमा, पूर्णकाम
बस्नूभो स्वर्ण-सिंहाऽऽसन-बिच भगवान् **राजराजेन्द्र राम** ॥

(५९)

लागे स्वर्गीय बाजा बजन गगनमा, पुष्प वर्ष्यो अपार
आये ब्रह्माऽऽदि देव, स्तुति बहुत गरे, नष्ट भो भूमिभार।
अर्कै भो लोक मानू सबतिर फिँजियो रामराज्य-व्यवस्था
जस्को अद्यापि चर्चा घर घर दुनियाँ गर्छ मिल्दा सुबिस्ता ॥

(६०)

आयेका वानरेन्द्र-प्रभृति सकलको खातिरी भो प्रशस्त

फर्के ती हात जोडी कठिनसित बिदा भै सबै सुस्त सुस्त।
बढ्दै गो शान्ति-शोभा भुवनभर शरच्चन्द्र झैं कान्तिधाम
संसारैको हुनूभो भधुर चहकिलो **भाग्यको केन्द्र राम** ॥

(६१)

मर्थे काँही न कोही शिशुहरु, न कतै बाल-वैधव्य-पाप
आई-पर्थ्यो, कसैमा जुनिभर न कतै दुःख, दुर्भिक्ष, ताप।
खाली हुन्थे न कोही रुख फलफुलले भङ्ग हुन्थ्यो न धर्म
पार्थ्यो कोही कसैमा तिलभर न कतै स्वप्नमा सम्म मर्म ॥

(६२)

अर्काको वस्तुमाथी भ्रमवश न कुनै गर्दथ्यो लोभ लाल्चा
चोरी जारी न चल्थ्यो, मुलुकभर कतै मार्नु-पर्थ्यो न ताल्चा।
सारा हाँसीखुशी छन् सबतिर सबको स्वर्गको तुल्य काम
त्यो देख्दा भन्न थाले सुर मुनि सबले '**धन्य आदर्श राम**' ॥

## इति युद्ध काण्ड

१. ↑ विभीषण

# उत्तर काण्ड

(१)

मर्यादा पूर्ण पाली मुलुकभर भरी सत्य-धर्म-प्रकाश
गर्दा प्यारा प्रजाको जनकमय बनी पालना एकनास।
श्रद्धा राखी अगस्त्य-प्रभृति मुनि ठुला खातिरी गर्न आये
देखी स्वर्गीय शोभा बहुत खुश भये, पूर्ण सत्कार पाये ॥

(२)

वार्ता चल्दा दशाऽऽस्य-प्रभृति असुरको जन्म, कर्म, स्वभाव
साथै सारा बताये तप-जनित ठुलो शक्ति यद्वा प्रभाव।
बाली-सुग्रीव-जन्म-प्रभृति सब कही अन्त्यमा ती तमाम
फर्के, सारा जगत्‌मा गुणवश हुनुभो **चन्द्रमा-तुल्य राम** ॥

(३)

बित्तै गो काल, कोही दिन रघुवरले आफना दूतलाई
आज्ञा भो, जाउ गुप्तैसँग बुझ, दुनियाँ भन्छ कस्तो मलाई।
सामुन्नेको प्रशंसा स्तुतिवचन सबै धूर्तता हो अवश्य
खुल्लंखुल्ला पछाडी यश अपयश वा जो छ, भन्छन् मनुष्य ॥

(४)

त्यो अज्ञा पाइ गुप्ती पुलिस घरघरै घुम्न लागे अनेक
भेट्टाये खालि सीता ग्रहण-विषयको लोक-दुर्वाद एक।
सुन्दा त्यै मात्र यौटा कुखबर चरको त्यो पनी एक ठाम
सीताको त्यागलाई उहि दिन हुनुभो **बद्ध-सङ्कल्प राम** ॥

(५)

एकान्त स्थान पारीकन रघुवरले भक्त सौमित्रि डाकी
आज्ञा भो– वत्स! मेरो अति अपयश भो जानकी साथ राखी।
चाहन्छू त्यागले नै म धून अयशको कालिमा, जल्दि जाऊ,
योगी वाल्मीकि बस्ने विपिन-बिच लगी जानकी छोडी आऊ ॥

(६)

निर्दोषा गर्भिणी छन् उनि, तर दुनियाँको भनाई न राम्रो
निस्क्यो, त्यस्को अनास्था गरिकन कुलको छैन कल्याण हाम्रो।
आज्ञाकारी तिमी छौ 'ननु नच' नगरी भृत्यको कर्म थाम
भन्ने आज्ञा निकाली विधिवश हुनुभो **वज्रले तुल्य राम** ॥

(७)

लाचारीसाथ अर्कै निहुँ गरि रथमा जानकीको सवारी
सूत-द्वारा चलाये अति कठिन शिलाखण्ड झैँ चित्त पारी।
गङ्गा पारी पुऱ्याई वनबिच बिचरी राम-रामा उतारी
रामाऽऽज्ञाको उकेले जहर अति कडा बर्बरी आँशु झारी ॥

(८)

त्यो सुन्दा वज्र लागी चटचट चुँडिदो कल्पवल्ली समान

सीताजी लोटनूभो, उभयतिर भयो मृत्युको कष्ट भान।
सीता सन्देश फेरी सुनिकन जननी! छैन मेरो विराम
भन्दै फर्केर भेटे महलबिच **महाशोकमा मग्न राम** ॥

(९)

बाबू! के भन्दथिन् ती? भनि रघुवरले सोधदा कष्ट मानी
बोले सौमित्रि यै हो विकल हृदयको अन्त्यको आर्त वाणी-
आगोभन्दा कडा भो नियति-वश कठै! अज्ञ-लोकाऽपवाद
जस्ले गर्नै दियेन प्रभुकन मनमा गर्भको सम्म याद ॥

(१०)

यो नासो नाथ! राखूँ कति दिन कसरी? यै छ बाधा बढेको
त्यागीदिन्थैँ तुरून्तै नहिँ त अहित यो जिन्दगानी डढेको।
यो सुन्नासाथ मानू चटचट चुँडियो धीरताको लगाम
सान्है नै चक्करायो मगज, हुनुभयो **व्याकुलाऽऽकार राम** ॥

(११)

सीताजीको बिचल्ली वनबिच ऋषिले क्यै पछी चाल पाये
सम्झाई आश्रमैमा लगिकन रहने पर्णशाला खटाये।
शुश्रूषा गर्नलाई सरल तपसिनीले लिये गैन्ह भार
जन्मे केही पछाडी लव कुश दुइटा शक्तिशाली कुमार ॥

(१२)

शिक्षा, दीक्षा क्रमैले, विधिसित मुनिकै पाउनाले समस्त
विद्याका पारदर्शी कुश र लव भये रामजस्तै दुरुस्त।
यस्तो चाला यता भो, विरह-वश उता खिन्न मालिन्यधाम

बन्नू भो चन्द्रिकाले रहित विधुसरी **त्यक्तपत्नीक राम** ॥

(१३)

सीता त्यागी, विरागी रघुवर हुनुभो, दृष्टि फर्क्यो विशेष
मागे सौमित्रिले त्यै शुभ अवसरमा रामतत्त्वोपदेश।
आज्ञा भो वत्स! वर्णाऽश्रम-विहित सदाचार वा कर्म गर्दै
भित्री वैराग्य साथै यम, दम, शमको साधना-शक्ति भर्दै ॥

(१४)

जाओस् आत्मज्ञ सच्चा गुरुसित, उनका उक्तिमा भक्ति लाओस्
सम्झी तात्पर्य भित्री मननमय महादीप राम्रो जगाओस्।
त्यस्ले दुर्वासनाको तम जुगजुगको दूर सारोस् तमाम
आफैं झल्कन्छ बाबू! हृदय-कुहरमा **व्यापक स्वाऽत्म-राम** ॥

(१५)

पैलेको कर्म जो हो उहि यस जुनिको देहको हेतु बन्छ
जस्को जस्तो छ त्यो, त्यै किसिमसित यहाँ भोगमा व्यस्त हुन्छ।
कर्मै त्यो गर्छ फेरी, जुग जुग यसरी बद्ध भै वासनामा
जीवाऽऽत्मा पर्छ लम्बा जनम-मरणको चक्र वा यातनामा ॥

(१६)

अज्ञानै मूल त्यस्को बुझिकन मनले नष्ट त्यो गर्नुपर्छ
ज्ञानाऽभ्यासै छ त्यस्को सरल विधि, बुझ्यौ कर्म उल्टै ठहर्छ।
तस्मात् ज्ञानाऽऽर्जनैमा अटल बनिरहोस्, कर्म छोडोस् तमाम
त्यस्ले त्यो बन्छ आफैं क्रमसित **परमाऽऽनन्दको मूर्ति राम** ॥

(१७)

जो वेदोक्त क्रिया हो सविधि, उहि सदा विज्ञले गर्नुपर्छ
द्वारै हो ज्ञानको त्यो, भ्रम-वश नगरे दोषभागी ठहर्छ।
भन्ने सिद्धान्त उस्का उपर बुझ तिमी, जो छ देहाऽभिमानी
ज्ञानी भुल्दैन त्यस्मा, गरिकन पनि त्यो हुन्न अज्ञान-हानि ॥

(१८)

दोषी छन् साथ चल्छन् जुगजुग नफुटी कर्म देहाऽभिमान
लम्लष्टे कष्टदायी जनम-मरणको छन् दुवै ती निदान।
हेरी जाँची विचारी बुझिकन तिनको रूप, उत्पत्ति-ठाम
जो आफू भिन्न बस्ला हृदय-गगनमा बन्छ त्यो **आत्म राम** ॥

(१९)

प्रत्याहार-क्रियाले विषयरस जती इन्द्रियग्राह्य सारा
पन्छाई आत्मसत्ता-बिच विलय गरोस् चित्तको वृत्ति-धारा।
त्यस्ले आत्मा-परात्मा-विषयक समता-दृष्टि तत्काल फुर्छ
त्यो फुर्नाले अविद्या सकल करणका साथमा दूर सर्छ ॥

(२०)

तत्कालै केवलाऽऽत्माऽनुभवमय महाशान्तिको स्रोत फुट्छ
कालो कल्पान्तवर्ती जनम-मरणको कष्ट अज्ञान छुट्छ।
फेरी फुर्दैन कैल्यै भ्रमजनित जगज्जालको नाम धाम
त्यो भैगो भाग्यमानी त्रिभुवनविजयी **शुद्ध निर्लिप्त राम** ॥

(२१)

जस्तो देहाऽभिमानीकन निगम सदा कर्मको दिन्छ शिक्षा

त्यस्तै अध्यात्मवादी पुरुषकन उही दिन्छ नैष्कर्म्य-शिक्षा।
यो जानी कर्म-कन्था श्रुति-विहित पनी विज्ञ जिज्ञासु त्यागोस्
श्रद्धा राखेर सच्चा गुरुवचन महावाक्यमा नित्य लागोस् ॥

(२२)

जानोस् तत्त्वम्-पदार्थ-क्रम, जहदजहल्लक्षणा-वृत्ति धारी
जीवाऽऽत्माको पराऽऽत्मा सित 'असि'पदले ऐक्य सम्झोस् विचारी।
राम्रै झल्कन्छ ऐक्याऽनुभव जब अनी बन्छ त्यो पूर्णकाम
आफैंमा देख्छ आफैँ सुरमुनि सबले **नित्य आराध्य राम** ॥

(२३)

यो चल्दो पञ्चभूतात्मक तन अघिको कर्मले जन्य खास
हो स्थूलोपाधि भोगाऽऽलय सुख दुखको, लिन्छ जो जन्म नाश।
तन्मात्रा, ज्ञानकर्मेंद्रिय र मन, मति, प्राण-सङ्घातरूप
हो सूक्ष्मोपाधि अन्तःकरण, जुन सदा भोगमा घुम्छ खूप ॥

(२४)

मूलाऽविद्या छ तेस्रो गहनतम अनिर्वाच्य, गुप्ती उपाधि
जस्को हेर्दा विचार्दा ऋषिमुनि तकले, मिल्न शक्तैन आदि।
आत्माको यो उपाधिद्वय विजय गरी दूर सारी तमाम
जो एकैछत्त होला चितिमय नभमा बन्छ त्यो **पूर्णराम** ॥

(२५)

जस्तो अत्यन्त शुद्ध स्फटिक नगिचका पुष्पको रङ्ग लिन्छ
त्यस्तै अन्नाऽऽदि कोश-स्थित गुणहरूले शुद्ध आत्मा रँगिन्छ।
सर्वव्यापी छ आत्मा विमल नभ सरी सर्वदा त्यो असङ्ग

उस्मा आउन्न बाबू! जुगजुग कहिल्यै जन्म-मृत्यु-प्रसङ्ग ॥

(२६)

जाग्रत्, स्वप्ना, सुषुप्ति-त्रितय-गुणमयी बुद्धिको धर्म जान
आत्मामा त्यो उपाधि-त्रितय बुझ तिमी केवल भ्रान्ति-भान।
जस्ले छर्लङ्ग देख्ला समसुखमय त्यो चिद्विलासैकधाम
भन्छन् त्यो धीरलाई ऋषि मुनि सबले **लब्धकैवल्य राम** ॥

(२७)

अन्योऽन्याऽध्यास देहेन्द्रिय र मन तथा प्राणको चित्कलामा
पर्नाले नित्य फुर्छन् जड रज तमले विद्ध धी-वृत्ति लामा।
तद्द्वारा विश्व सारा सुख-दुखमय यो नित्य भासी-रहन्छ
जस्मा निःसार बोक्रे किसिम-किसिमको भ्रान्ति-धारा बहन्छ ॥

(२८)

हट्दै त्यो भासदेखी विशद हृदयमा भित्रिँदै भित्र भित्र
अद्वैताऽनन्दरूपी अमृतरस मिठो पान गर्दै पवित्र।
छोक्रा झैं तुच्छ जानी जड विषय जती, त्याग्छ जस्ले तमाम
त्यस्को झल्कन्छ बाबू! हृदयकुहरमा **चेतनाऽऽदित्य राम** ॥

(२९)

आत्माको तत्त्वदृष्ट्या जुग जुग कहिल्यै जन्मनाशाऽऽदि छैन
फेरी यो ऱ्हास-वृद्धि-प्रभृति विषय वा भाव उस्मा हुँदैन।
सारा देहाऽऽदि भन्दा अलग नभमय स्वाऽनुभूति-प्रकाश
सर्वव्यापी छ आत्मा समरस परमानन्द सच्चिद्विलास ॥

(३०)

प्रज्ञानाऽऽनन्द यस्तो सुविशद विभुमा सृष्टि यो कष्टशाली
अज्ञानैले उठेको फगत बुझ तिमी दीर्घ अध्यास खाली।
ज्ञानद्वारा बिलायो जुन बखत मृषाऽध्यास त्यो कष्टधाम
त्यो वेला को न देख्ला हृदय-गगनमा **पूर्णता-पूर्ण राम** ॥

(३१)

यौटा सद्वस्तुमा जो भ्रमजनित असद्वस्तुको हुन्छ भान
भन्छन् त्यै भानलाई बुधजनहरूले मुख्य अध्यास जान।
डोरी देख्दा निशामा भ्रमवश जसरी सर्पको भान पर्छ
आत्मामा सम्झ त्यस्तै किसिमसित सबै विश्व-वैचित्र्य फुर्छ ॥

(३२)

त्यस्तो त्यो निर्विकारी समरस विभुमा जो अहंभाव पैला
निस्क्यो त्यै भाव नै हो बुझ यस भवको बीज अध्यास मैला।
झल्क्यो सद्ब्रह्म-सत्ता जब अनि पछि त्यो भ्रान्ति-बाधा तमाम
आफैं नाशिन्छ बाबू! हृदय-कुहरमा फुर्छ **निःसीम राम** ॥

(३३)

इच्छा-द्वेषादि जो छन् पल-पल फुरने बुद्धिका वृत्ति खास
तद्द्वारा हुन्छ सारा परम-पुरुषमा सृष्टिको भ्रान्ति-भास।
बाबू! गाढा सुषुप्ति क्षण-बिच नहुँदा तीव्र त्यो वृत्ति-धारा
केही पत्तै नपाई सुखसित म सुतें भन्दछौँ हामि सारा ॥

(३४)

जो झल्क्यो त्यो अविद्या-जनित गुणमयी बुध्दिमा चित्प्रकाश

सोही चिद्भासलाई ऋषिमुनि सबले भन्दछन् जीव खास।
शुध्दाऽऽत्मा भासभन्दा अलग छ विभु त्यो साक्षिभावाऽभिराम
जस्ले त्यो तत्त्व सम्भ्‍यो हृदय-बिच उही देख्छ **सर्वज्ञ राम** ॥

(३५)

तप्ताऽयः-पिण्ड हेर्दा जसरि सँगसँगै टप्प आगो फलाम
देखिन्छन् ती मिलेका गुण-विनिमयले ऐक्य-भावाऽभिराम।
त्यस्तै यो सेन्द्रियाऽन्तः करण-बिच चिदादित्य-तादात्म्य - भास
पर्दा अन्योऽन्य भास्छन् जड अजड दुवै सर्वदा एकनास ॥

(३६)

सम्झी यो तत्त्व भित्री गुरुवचन महावाक्यले आफुलाई
आफैंमा पूर्ण देखी सबतिर सहजाऽऽनन्द-जोती जगाई।
व्यर्थैको भास यद्वा भ्रमजनित जगत् बिर्सला जो तमाम
त्यो विद्वान् देख्छ एकै सब घटघटमा **शुद्ध चैतन्य राम**॥

(३७)

मै हूँ प्रज्ञान-सत्ताघन, अज, अविनाशी, स्वयं-भासमान
मै हूँ त्यो निर्विकारी समरस, परमाऽनन्द, देदीप्यमान।
मै हूँ दुष्पार, बन्धाऽऽवृति-रहित महाशक्ति-भण्डार एक
जस्को वेदान्तवादी, बुधजन मनले नित्य गर्छन् विवेक ॥

(३८)

भन्ने राम्रै जमाओस् विशद हृदयमा भावना वा समाधि
त्यस्ले नाशिन्छ दिव्यौषधि बुटिहरुले रोग जस्तै उपाधि।
देख्दा-देख्दै अविद्या उपकरण लिई नष्ट हुन्छे तमाम

आफैं झल्कन्छ बाबू! समरस दहराऽकाशमा **सत्य राम** ॥

(३९)

पैले एकान्तवासी भइ शम-दमले इद्रिय-श्रेणि सारा
खारी, विस्तार पारी मन वश, चितिमा चित् गरी वृत्तिधारा।
दायाँ बायाँ नलागी समसुख विभुमा टम्म राखेर दृष्टि
आत्माद्वारा फुरेको किसिम किसिमको गैन्ह लम्लष्ट सृष्टि ॥

(४०)

आत्मैमा लीन गर्दै क्रमसित सब त्यो भिन्न जीवाऽऽत्म-सत्ता
बिर्सी वा अव्ययात्मा परम पुरुषमा नै गराई विपत्ता।
भित्री वा बाह्य फोस्रा स्मृतिमय कलना-तन्तु तोडोस् तमाम
त्यस्ले देखिन्छ एकै सबतिर **विमल व्यापकाऽऽनन्द राम** ॥

(४१)

पैले राम्रो समाधि-स्थितिमय नफुरेसम्म पूर्ण प्रकाश
सम्झोस् यद्वा विचारोस् अचर-चर-जगज्जाल ॐ वाच्य खास।
विश्वाऽऽत्मा हो अकाराऽऽश्रय,अनि पछिको तैजसाऽऽत्मा उकार,
प्रज्ञाऽऽत्मा हो मकाराऽऽश्रय, भनि मनमा नित्य राखी विचार ॥

(४२)

विश्वाऽऽत्मा तैजसाऽऽत्मा बिच विलय गरोस् त्यो सबै प्राज्ञभित्र
फेरी त्यो प्राज्ञलाई समरस परम ब्रह्म-चैतन्यभित्र।
त्यो पूर्ण ब्रह्म मै हूँ चितिघन, कलना-मुक्त विज्ञान धाम
भन्ने यै भाव राखोस्, इतर सब भुलोस् देख्छ **अद्वैत राम** ॥

(४३)

एवंरीत्या परात्मा-विषयक गहिरो भावना भित्र भर्दै
बिर्सी देहाऽऽदि तत्त्वाऽनुभव-सुख-सुधा सर्वदा पान गर्दै।
शब्द स्पर्शाऽऽदि भन्दा फरक भइ कडा क्रोध लोभादि मारी
सर्वज्ञत्वाऽऽदि सारा गुण विजय गरी केवलीभाव धारी ॥

(४४)

पानी कत्ती नचल्ने जलधिमय बनी गर्छ जस्ले समाधि
त्यस्का सम्पूर्ण छुट्छन् जनम जनमका बन्ध बाधा उपाधि।
भोग्दै प्रारब्धमात्रै सुखदुखमय यो भास छोडी तमाम
त्यो मैमा मिल्छ साक्षात्, फिर कुन कसरी सम्झला **भिन्न राम**?

(४५)

कष्टै हो बाल्य-वेला, तरुण वय पनी हो बडो कष्टकारी
वृद्धाऽवस्था र फेरी मरणसमयमा कष्ट नै हुन्छ भारी।
भन्ने सिद्धान्त जानी विषयसुख जती सम्झँदै कष्ट धाम
सुस्त-सुस्त हटाई श्रुति-विहित पनी कर्म-कन्था तमाम ॥

(४६)

जीवात्माको परात्मा विभुसित समताभाव यद्वा अभेद
जस्ले राम्रो गरायो मसित हुन गयो टम्म उस्को अभेद।
हावा झैं वायुमा त्यो नभसरि नभमा पूर्णभावाऽभिराम
बाबू! मैमा बिलाई जलसरि दुधमा बन्छ **एकाम्य राम** ॥

(४७)

संसारैमा रहोस् ता पनि दृढ मनले शास्त्र, युक्ति, प्रमाण-

द्वारा सारा हटाई क्रमसित ममतापूर्ण मिथ्याऽभिमान।
हेर्ला जो तत्त्व यस्तो किसिमसित जगज्जाल निर्मूल जानी
त्यस्को चन्द्रद्वयाऽऽदि भ्रमसरि सहसा हुन्छ अज्ञान-हानि ॥

(४८)

यो सारा विश्व मैमा परिणत नभयेसम्म दुर्लभ्य पार
भक्ति श्रद्धा बढाई हरबखत गरोस् पूर्ण मेरो विचार।
गर्दा-गर्दै विचार स्थिरमति मुनि त्यो देख्छ कैवल्यधाम
बाबू! त्यो बन्छ मैमा मिलिकन सहसा **कल्पनाऽतीत राम** ॥

(४९)

पैले राम्रो विचारी श्रुतिकथित सबै सार यद्वा रहस्य
जो-जो जस्तो बतायें तिमिसित अहिले भै स्वयं स्नेहवश्य।
त्यस्को आलोचना वा दृढ मनन सदा बुद्धिमान् जो मनुष्य
गर्ला त्यो मुक्त होला किसिम-किसिमका पापदेखी अवश्य ॥

(५०)

बाबू! यो विश्व मायामय सकल बुझी चित्तले दूर सारी
मेरो आराधनाले हृदयकन सदा शुद्ध वा शान्त पारी।
आधि-व्याधि-व्यथाले रहित बन तिमी सर्वदा शान्तिधाम
देख्दैछौ देखन्यैछौ हृदय-बिच सदा **भक्तका भक्त राम** ॥

(५१)

बाबू! जैले जहाँ होस् जुन मनुज गुणाऽतीतको ध्यान गर्छ
यद्वा यै शक्तिशाली सगुण-तनु ममा चित्त एकाग्र धर्छ।

त्यो प्यारो भक्त मेरो निज पद-रजको स्पर्शले यत्र तत्र
साक्षात् श्रीसूर्यले झैं भुवन सब सदा गर्छ साह्रै पवित्र ॥

(५२)

जो मेरा उक्तिमाथी फिर गुरुपदमा भक्ति राखी अपार
वेदान्ताऽऽराध्य मैले निगदित सब यो वेद-वेदान्त सार।
श्रद्धाको साथ पढ्ला मनन गरि-गरी धन्य त्यस्को छ काम
त्यो मैमा मिल्छ बाबू! अभय पद लिई बन्छ **निर्भीक राम** ॥

(५३)

मिल्दा यो दीप जस्तो मधुर चहकिलो वेद-वेदान्त सार
झल्क्यो सौमित्रिलाई विषयमय महासिन्धुको वार-पार।
त्यै वेला विघ्न गर्दा लवण असुरले दुःख पायेर सारा
कालिन्दी-तीरवासी ऋषि, मुनि, तपसी गर्न आये पुकारा ॥

(५४)

त्यस्को उच्छेदलाई ऋषिमुनिहरूले वीर शत्रुघ्न पाये
उन्ले त्यो दुष्ट मारी खुशिसित मथुरा राज्य राम्रो बसाये।
साथै राखेर सीता-प्रतिकृति-*(प्रतिमा)* सुनको धर्मभावाऽभिराम
लाग्नूभो श्रौत यज्ञ-प्रभृति विषयमा **एकपत्नीक राम** ॥

(५५)

त्यै वेला यज्ञशाला-बिच अति भरिला दिव्य दोटा कुमार
आये वाल्मीकि रामायण अति रसिलो गान गर्दै अपार।
त्यो सुन्दा भीड लाग्यो, पछि रघुवरले ती दुवैलाई डाकी
लाग्नू भो सुन्न रामायण सब नगिचै प्रेमका साथ राखी ॥

(५६)

गाना सुन्दा र देख्दा सब रघुवरकै तुल्य त्यो रङ्ग ढङ्ग
देख्ने सुन्ने सबैका हृदयबिच उठ्यो भित्र अर्कै तरङ्ग।
दोटै गायेर फर्के मुनिवर-पदमा, क्यै लियेनन् इनाम
त्यस्ले झन् झन् हुनूभो मन-मन सहसा **विस्मय-व्याप्त राम** ॥

(५७)

सीताकै पुत्र हुन् की भनिकन मनमा बढ्न थाल्यो विमर्श
खोजी वाल्मीकिको भो, मुनि पनि सहसा आउनूभो सहर्ष।
भन्नूभो भाव ताडी रघुवर! प्रभुका हुन् दुवै ती कुमार
सीता जस्ती सतीमा शिव! शिव!! किन त्यो पापको दुर्विचार?

(५८)

मै बक्छू धर्म साक्षी गरिकन, उनमा दोषको छैन लेश
खानेछन् भोलि नै ती शपथ, अरू कुनै छैन वक्तव्य शेष।
भन्ने यो सत्य वाणी सुनिकन मुनिको पाउमा सप्रणाम
भुक्ता-भुक्तै बिचैमा किन-किन हुनुभो **जात-रोमाञ्च राम** ॥

(५९)

बिस्तारै भोलिपल्टै पछि-पछि मुनिको तापसी-भेष धारी
सीताको आफना ती दुइ तनयसँगै यज्ञमा भो सवारी।
अन्धो संसारदेखी विकल हृदयले चाहँदी झट्ट मुक्ति
क्यै टाढैबाट खाली रघुपति-पदमा हात जोडेर झुक्ती ॥

(६०)

वैदेहीको सतीत्व-व्रतमय बिजुली चम्चमायेर निस्क्यो

देख्दा त्यो यज्ञशाला सकल निमिषमा थर्थरायेर झस्क्यो।
के कस्तो निस्कने हो वचन अब भनी टठ्मराये तमाम
सीताको छाँट देख्दा मनमन हुनुभो **कम्पितप्राय राम** ॥

(६१)

भन्नूभो जानकीले– 'पृथिवि ! हजुरकी पुत्रिका हूँ म खास
मेरो सच्चा सतीत्वव्रत यदि छ भने राममा एकनास।
मट्टीको देह लागोस् सकल हजुरमा, शान्त पूर्ण प्रकाश
पाऊँ, चाहन्न बाँची सहन अब कुनै तुच्छ लोकोपहास ॥

(६२)

यो सुन्नासाथ थर्किन् धरधर धरणी, दिव्य जोती उदायो
आत्माले जानकीको उस मधुर महाज्योतिमा स्थान पायो।
देख्नाले दिव्य त्यस्तो अघटित घटना यज्ञशाला तमाम
रोयो, हा देवी ! सीता ! ! भनिकन हुनुभो **विह्वलाऽऽकार राम** ॥

(६३)

माता पृथ्वी पुकारी, सुखमय पदको द्वार राम्रै उघारी
त्यो पश्चत्ताप पारीकन रघुवरमा, दोष दुर्वाद मारी।
देवी आदर्श नारी जनकनृपसुता यो महासिन्धु पारी-
जाँदा, मट्टी उतारी, मुलुकभर उठ्यो शोक सन्ताप भारी ॥

(६४)

तत्कालै दिव्य ज्योतिर्मय उस पथमा भो ठुलो पुष्पवृष्टि
वर्ष्यो सारा अयोध्याशहरभर यता आँशुको उग्र वृष्टि।
सिध्याये मुख्य ऋत्विक् ऋषि-मुनिहरूले त्यो सबै यज्ञ काम

बन्नूभो दक्षपुत्री-विरहित शिव झैँ **बद्ध-वैराग्य राम** ॥

(६५)

सीताको मुक्तिसाथै सकल विलय भो मर्त्यलीलाऽभिलाष
बढ्दै आयो विरक्तिप्रिय रघुवरको मौन एकान्तवास ।
त्यै वेलामा मुमाले मरणभय तथा जन्म-जञ्जाल टारी
पारी-जाने सजीलो पथ छ कुन भनी प्रश्न गर्दा विचारी ॥

(६६)

गर्नूभो भक्तिसाथै अति-सरल अनासक्ति योगोपदेश
जस्ले गर्दा वहाँको हृदयबिच भयो स्वाऽऽत्मबोध-प्रवेश ।
यस्तैमा सुस्त-सुस्तै समयगति फिऱ्यो, राज्यको इन्तजाम
लाग्नूभो गर्न अर्कै किसिमसित सबै **शान्त राजर्षि राम** ॥

(६७)

आठोटा प्रान्तमा भो परिणत पहिले राम-साम्राज्य सारा
प्रत्येक प्रान्तलाई अधिपति खटिये पुत्र आठै पियारा ।
ती मध्ये केन्द्रवर्ती प्रबल कुश भये अन्य केन्द्राऽनुसारी
सारा सूर्योपजीवी ग्रहसदृश थिये विश्वकल्याणकारी ॥

(६८)

एवंरीत्या मिलाई क्रमसित सब त्यो लोक रक्षा-विधान
भै आफू भित्र-भित्रै उस अगम महालक्ष्यमा साऽवधान ।
बस्ता पर्खेर खाली अवधि नियतिको, मर्त्यलीला-विराम
वेला आयो, हुनूभो **हृदयमय मिहीं केन्द्रको बिन्दु राम** ॥

(६९)

त्यै वेला शक्तिशाली शमन *(यमराज)* मुनि बनी द्वारमा चट्ट आये
मागे एकान्त गर्ने समय, अलिकती, त्यो वहाँबाट पाये।
बोले यो वाक्य फेरी रघुवर! जसले बातमा विघ्न गर्छ
त्यस्लाई कत्ति शङ्का नलिइ हजुरले अन्त्यमा मार्नुपर्छ ॥

(७०)

मञ्जूरी त्यो कुरामा दिइकन पहिले भक्त सौमित्रि खास
ढोकामा राखि पालो शमनसित भयो गुप्त एकान्तवास।
ब्रह्माको मुख्य विन्ती स्तुतिसहित उनी भन्न लागे तमाम
लाग्नूभो मुस्कुराई प्रणयसित सबै सुन्न **सर्वज्ञ राम** ॥

(७१)

दुर्वासा आइ बोले उहि अवसरमा धीर सौमित्रिसङ्ग
लौ मेरो हाजिरी द्यौ नहिँ त रघुकुलै गर्दछु आज भङ्ग।
झस्के ती बात सुन्दा कठिनसित गये हाजिरी विन्ति गर्न
देख्दा सौमित्रिलाई रघुवर हुनुभो उत्तिखेरै विवर्ण ॥

(७२)

तत्कालैमा बिदा दी शमनकन, उठी अत्रिको पुत्रसङ्ग
गर्नू भो भेट आई, तर रघुवरको चित्त भो झन् भरङ्ग।
पूरा होस् त्यो प्रतिज्ञा भनिकन निहुरे लक्ष्मण क्षेमकाम
पर्दा त्यस्तो अवस्था अलिछिन हुनुभो **कृत्य-विभ्रान्त राम** ॥

(७३)

राखी मन्त्री वशिष्ठप्रभृति बहस भो, आखिरीमा निचोर

सौमित्रि-त्याग निस्क्यो, नियतिगति बन्यो वज्रजस्तो कठोर।
त्यो मौकामा वहाँले अचल मन गरी चित्तका वृत्ति बाँधी
तत्कालैमा लिनूभो खुशिसित सरयू-तीरमा गै समाधि ॥

(७४)

वर्ष्यो सौमित्रिमाथी गगनबिच उता पुष्प-वर्षा अपार
आँशू सारा अयोध्या नगर-बिच यता, दुःख भो दुर्निवार।
सीता सौमित्रि जाँदा विधिवश त्यसरी दिव्य कैवल्य-धाम
बन्नूभो भित्र-भित्रै अमृतमय **अनिर्वाच्य-भावस्थ राम** ॥

(७५)

पृथ्वीको मर्त्यलीलामय चपल महानाट्यको अन्त्य पर्दा
गिर्ने वेला विचारी रघुवर सरयू-तीरमा गै ठहर्दा।
साथै लाग्यो अयोध्या-नगर सब, रह्यो अन्त्यमा शून्य बाँकी
देख्दा-देख्दै उदायो गगन-बिच महावैष्णवी दिव्य झाँकी ॥

(७६)

त्यै झाँकीको प्रभामा विलय सब भये ती अयोध्यानिवासी
कालो कल्पान्तवर्ती जनम-मरणको भ्रान्ति वा कष्ट नाशी।
घन्के स्वर्गीय बाजा वरवर फुलको वृष्टि भो धूमधाम
झल्कोस् यो 'लेख'लाई सब घटघटमा **व्यापक-ब्रह्म राम** ॥

## इति उत्तर काण्ड

- -

**मेरो राम**

**वा**

**रामायणसार**

**समाप्त**